का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ पुस २०७९,
आइतबार
8 January 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## प्रधानमन्त्रीलाई भारी भयो निर्देशन

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दिइरहेको एकपछि अर्को निर्देशन कार्यान्वयन नहुँदा नयाँ सरकारप्रति शुरुमै आशंका देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

सरकार गठन भएको दुई साता नबित्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनप्रति टिप्पणी हुन थालेको छ । ११ पुसमा प्रधानमन्त्री पदको शपथ लिएकै साँझ सरकारले जनतालाई सुशासनको अनुभूति दिलाउने निर्णय गरेको थियो । जनतालाई सुशासन दिलाउन सेवा प्रवाहमा जोड दिने संकेत गर्दै प्रधानमन्त्री प्रचण्डले अब जनताले लाइन बस्न नपर्ने बताएका थिए ।

गृहमन्त्री रवि लामिछानेले राहदानी विभागको अनुगमन गरेर सेवा प्रवाहको थालनि त्यहीबाट हुने संकेत पनि दिएका थिए । तर त्यस बिपरीत राहदानी लिन नागरिकलाई झनै सास्ती भयो । राहदानी लिनेहरुको लाइन लागेका तस्वीरहरु सार्वजनिक भए ।

प्रधानमन्त्री प्रचण्डले लाइन खडा गर्न निर्देशन दिए । प्रधानमन्त्री प्रचण्डको निर्देशनले पनि काम गरेन । राहदानीका निम्ति भइरहेको सेवा समेत अवरुद्ध हुन पुग्यो । छपाइ सेवा प्रभावित भएको सूचना जारी गरेर राहदानी वितरण रोकिएको छ । संयोग, प्रधानमन्त्री प्रचण्डले निर्देशन दिएकै दिन उक्त सेवा प्रभावित भएको थियो ।

यसपछि प्रधानमन्त्री प्रचण्डले अर्को निर्देशन दिए, एमडीएमएस लागू गर्नेगरी अगाडि बढेको प्रक्रिया रोक्नू । नेपालमा दर्ता नभएका मोबाइल – बाँकी पृष्ठ २ मा

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफाऔं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुन:प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# तत्काललाई टरेको संकट

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत नपाउँदै नयाँ सरकारका निम्ति संसदीय समीकरण तयार पार्ने नेपाली कांग्रेसका नेताहरुको प्रयत्न तत्काललाई असफल भएको छ । शनिबार सत्तारुढ दलका नेताहरु आवद्ध कार्यदलले सरकारको न्यूनतम साझा कार्यक्रम तयार पारेसँगै प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउने निश्चित भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत पाउने लगभग निश्चित भएको छ । राजनीतिमा कुनै नाटकीय परिवर्तन नभए २६ पुसमा प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभामा बहुमत सदस्यको समर्थन पाउनेछन् । गएको १० पुसमा प्रधानमन्त्रीका निम्ति प्रचण्डले दावी गर्दा साथ पाएका सांसदहरु कायम रहने आधार समेत शनिबार तयार भएको छ ।

शनिबार सरकारको न्यूनतम साझा कार्यक्रम तयार भएसँगै जनता समाजवादी पार्टी (जसपा) ले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको छ । जसपासँग प्रतिनिधिसभामा १२ सांसद छ । शुक्रबार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको थियो । मन्त्रिपरिषद्ले २७ पुसमा पृथ्वी जयन्ती मनाउने र त्यसदिन सार्वजनिक विदा दिने निर्णय गरेपछि राप्रपाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने निर्णय गरेको थियो ।

राप्रपासँग प्रतिनिधिसभामा १४ सांसद छन् । यी दुवै दलले प्रधानमन्त्रीमा प्रचण्डलाई नियुक्त गर्न राष्ट्रपति कार्यालयमा सांसदहरुको हस्ताक्षर बुझाएपनि सरकारमा सहभागिता जनाएको थिएन । आफ्नो एजेण्डा सम्बोधन भएमा मात्रै विश्वासको मत दिने सर्त राखेको थियो । अर्को दल नागरिक उन्मुक्तिका अध्यक्ष रञ्जिता श्रेष्ठले पनि विश्वासको मत दिने प्रष्ट संकेत दिएकी छन् । शनिबार उच्च स्तरीय राजनीतिक संयन्त्रका संयोजक एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई न्यूनतम साझा कार्यक्रमको प्रतिवेदन – बाँकी पृष्ठ २ मा



## प्रधानमन्त्री पद बाँडिदैछः ओली

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सरकार असफल पार्ने प्रयास भइरहेको बताएका छन् । शनिबार आयोजित एक कार्यक्रममा अध्यक्ष ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नै अहिलेको सरकार असफल पार्ने लागिपरेको बताएका छन् ।

'नेपाली कांग्रेसका सभापति माननीय शेरबहादुर देउवाजीले भन्नुभयो, वी वील कम ब्याक । अहिले असफल पार्ने प्रयास बेस्सरी भइरहेका छन्', ओलीले भने । देउवाको अभिव्यक्ति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई अविश्वासको मतमा असफल बनाउने भएको ओलीले बताए ।

'उहाँहरुले यस्तो खुद्रा खेल खेलिरहनुभएको छ अहिले । पार्टीहरुलाई प्रधानमन्त्री बाँडिरहनुभएको छ', अध्यक्ष ओलीले भने । तर अहिलेको सरकार नेपालीहरुले बलजफ्ती बनाएको ओलीले बताए ।

सरकारलाई असफल बनाउने प्रयास नै असफल बनाउने अध्यक्ष ओलीले बताए । सरकारको प्रतिपक्षा गर्दै ओलीले – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## 'सिजनल भिसा'को नाममा नक्कली सूचना

### ठगिए दूतावास जवाफदेही नहुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ पुस

लण्डनस्थित नेपाली दूतावासले 'युके सिजनल भिसा अन्तर्वार्ता मिति परिवर्तन बारेमा' कुनै पनि आधिकारिक सूचना जारी नगरेको हुँदा उक्त झुटा सूचनालाई आधार मानी भिसा आवेदन नगर्न तथा नगराउन आग्रह गरेको छ ।

बेलायतमा मौसमी कामदार पठाउने बहानामा ठगी गर्ने गिरोहले दूतावासको लेटरप्याड र छाप प्रयोग गरी भिसा अन्तर्वार्ता मिति परिवर्तन भएको भन्ने सूचना सार्वजनिक भएपछि दूतावासले यस्तो सूचना जारी गरेको हो ।

नक्कली सूचनालाई आधार मानी वैदेशिक रोजगारीका लागि पहल गरी ठगिएमा दूतावास जवाफदेही नहुने भन्दै दूतावासको विज्ञप्तिमा सचेत हुन आग्रह गरिएको छ ।

बेलायत सरकारले सन् २०२३ का लागि ४० हजार मौसमी कामदार लिने निर्णय गरेको छ । गत वर्ष २० हजार विदेशी कामदार लगेको बेलायतले आगामी वर्षका लागि १० हजार कोटा थप गरेको छ । घण्टाको १२ दशमलव १९ पाउण्ड तलब पाउने कृषि तथा पोल्ट्रीफर्मका लागि शैक्षिक योग्यता तोकिएको छैन भने उमेर १८ वर्ष पुगेको हुनुपर्ने छ ।

तर नेपालका केही व्यक्ति र गिरेहले ६ देखि १० लाखसम्म असुलेको घटनाहरु सार्वजनिक भएका छन् । सिजनल कामदारका लागि बेलायत सरकारले पाँच वटा बेलायती एजेन्सीलाई मात्रै अनुमति दिएको छ ।

### म्यानपावरलाई विभागको एक महिने उर्दी

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले म्यापावर व्यवसायीहरुलाई एक महिनाभित्र आफ्नो सम्पूर्ण विवरण वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा अपडेट गर्न आग्रह गरेको छ ।

विभागले शुक्रबार सूचना जारी गर्दै विभागमा दर्ता भएका म्यानपावर कम्पनीहरुमध्ये कतिपयले आ-आफ्नो संस्थालाई कानूनबमोजिम व्यवस्थितरुपमा सञ्चालन नगरेको पाइएको बताएको छ । दर्ता रहेका म्यानपावर कम्पनीहरु व्यवस्थित नहुँदा विभागलाई आफ्नो दैनिक कार्य सञ्चालन, प्रशासन सञ्चालनमासमेत बाधा परेको भन्दै विभागले सूचना प्रकाशन भएको मितिले एक महिनाभित्र आ-आफ्नो संस्थाका बारेमा अद्यावधिक विवरणहरु फेमिसमा – बाँकी पृष्ठ २ मा

# घुमिफिरी रुम्जाटार !

पार्टी छोडेको सात वर्षपछि पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई फेरि नेकपा माओवादी केन्द्रमै फर्कने भएका छन् । त्यसका लागि भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले कार्यदल गठन गर्ने तयारी गरेको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

संविधान जारी भएलगत्तै पार्टी परित्याग गरेका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई फेरि नेकपा माओवादी केन्द्रमै फर्कने भएका छन् । शनिबार प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग खुमलटारमा भएको भेटपछि भट्टराई फेरि पुरानै पार्टीमा फर्कने तय भएको हो ।

३ असोज २०७२ मा संविधान जारी भएपछि भट्टराईले माओवादी त्यागेका थिए । ९ असोज २०७२ मा पत्रकार सम्मेलन गरी भट्टराईले माओवादीलाई भूकम्पबाट भत्किएको घरको संज्ञा दिएका थिए । लगत्तै भट्टराईले आफ्नै नेतृत्वमा नयाँ शक्ति पार्टी गठन गरे । कम्युनिष्ट पार्टीको आवश्यकता नपर्ने निष्कर्ष सहित उनले बनाएको नयाँ शक्तिमा विभिन्न क्षेत्रका दिग्गज व्यक्तिहरुलाई समेटेका थिए ।

तर नयाँ शक्ति पार्टी सफल हुन सकेन । ०७४ को चुनावमा राम्रो नतिजा ल्याउन नसकेको नयाँ शक्ति पार्टीबाट प्रतिनिधिसभामा भट्टराई एक्लो सांसद थिए । गोरखाबाट भट्टराईले कांग्रेस गठबन्धनमा रहेर चुनाव जितेका थिए । तर भट्टराई नयाँ शक्ति पार्टीमा धेरै रहन सकेनन् ।

०७६ मा उपेन्द्र यादव र अशोक राई रहेको पार्टी संघीय समाजवादी फोरम, नेपालसँग बाबुरामको पार्टी नयाँ शक्तिको एकता भयो । एकतापछि समाजवादी पार्टी, नेपाल बन्यो । यो पार्टी पनि लामो समय रहन सकेन । २०७७ वैशाखमा अर्को मधेश केन्द्रीत दल राष्ट्रिय जनता पार्टी (राजपा) सँग समाजवादी पार्टी, नेपालको एकता भयो । एकतापछि जनता समाजवादी पार्टी (जसपा) बन्यो । जसपाको एकता पनि एक वर्ष पनि टिकेन । महन्थ ठाकुर, राजेन्द्र महतोहरु लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तिर लागे । जसपाको वैधानिकता उपेन्द्र, बाबुराम र अशोक राई पक्षले पायो । तर यो जसपामा पनि बाबुराम रहेनन् । केही महिना अगाडि मात्रै जसपाबाट अलग भएर बाबुराम भट्टराईले नेपाल समाजवादी पार्टी (नेसपा) गठन गरे ।



यो पार्टीले मंसिरको आमचुनावमा माओवादी केन्द्रकै चुनाव चिन्हबाट भाग लिएको थियो । चुनाव चिन्ह माओवादी केन्द्रबाट लडेकाले आगामी पाँच वर्ष बाबुरामले स्वतन्त्र निर्णय लिन सक्ने अवस्था थिएन । त्यसैलाई बाबुरामले पार्टी एकतासम्म – बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्स्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५
fb:mountain multiple mmtc

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ पुस २०७९, आइतबार
8 January 2023, Sunday

दार्चुलाबासीका पीडा

# तुइनबाट खसेर अहिलेसम्म २७ बढीको मृत्यु

**गणेशसिंह धामी / मध्यान्ह**
दार्चुला, २३ पुस

दार्चुलामा तुइन तर्ने क्रममा बालक बेपत्ता भएका छन् । भारत जाने क्रममा तुइनबाट खसेर व्याँस गाउँपालिका वडा नम्बर ४ डोकटका १० वर्षीय दीपेन्द्र विष्ट महाकाली नदीमा बेपत्ता भएका स्थानीय दीपक खातीले जानकारी दिए। बेपत्ता बालक बिहीबार दिउँसो २ बजे भारततिर खर काट्न गएकी आमाको पछिपछि गएका थिए । व्याँस क्षेत्रमा सञ्चार सुविधा नभएका कारण घटनाबारे शनिबारमात्र जानकारी भएको व्याँस गाउँपालिकाका प्रवक्ता नरेन्द्र भट्टले जानकारी दिए । उनका अनुसार बेपत्ता दीपेन्द्र ब्रह्मस्थान आधारभूत विद्यालयमा कक्षा ४ मा अध्ययनरत छन् ।

डोकडका स्थानीयवासी खर काट्न भारततिर जाने चलन रहेको र सय मिटरमाथि झोलुङ्गे पुल भएपनि सजिलोका लागि स्थानीयवासीले त्यस क्षेत्रमा तुइन हाल्ने गरेका छन्। तुइन काट्ने डरले घटना गुपचुपमा राखिएको हुनसक्ने स्थानीय बताउँछन् ।

### जयसिंह धामी अझै बेपत्ता

धामी महाकाली नदीमा बेपत्ता भएको गत साउनमा एक वर्ष पूरा भयो । तर उनको अवस्था अझैपनि अज्ञात छ । भारतीय सुरक्षाकर्मीले तुइनको डोरी काटिदिँदा महाकाली नदीमा खसेर उनी बेपत्ता भएका थिए। दार्चुलाको व्याँस गाउँपालिका वडा नम्बर २ माल घर भएका ३३ वर्षीय धामी काठमाडौंका लागि हिँडेका धामी मालघाट तुइनबाट महाकाली नदी तरेर भारतको गस्कु जाने क्रममा नदीमा खसेका थिए ।

घटना भएको केही दिनपछि गृहमन्त्रालयद्वारा सहसचिव जनार्दन गौतम नेतृत्वमा गठिन छानबिन समितिले एसएसबीका सुरक्षाकर्मीले लट्ठा खुस्काइदिएपछि तुइनबाट खसेर धामी बेपत्ता भएको निष्कर्षसहितको प्रतिवेदन बुझाएको थियो । व्याँस गाउँपालिका वडा नम्बर २ का अध्यक्ष धिरन सिंह बुढाथोकीका अनुसार २०५० देखि हालसम्म वडा नम्बर २ का मात्रै २७ जना भन्दा बढी तुइनको सिकार बनेका छन् ।

### बोलीमा मात्र हटेको तुइन

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले २०७२ असोजमा प्रधानमन्त्री भएलगत्तै जहाँजहाँ तुइन छन्, ती ठाउँमा झोलुंगे पुलमार्फत तुइन विस्थापन गर्ने पहिलो निर्णय गरे । त्यसपछिका भाषणमा उनले विस्थापन भएका तुइनको संख्या भन्न प्रायः छुटाएनन् । तर तुइन विस्थापन गर्ने निर्णयले सार्थकता पाउन सकेको छैन । अझै विकट बस्तीका स्थानीय जोखिम मोलेर तुइनबाटै नदी वारपार गर्न बाध्य छन् । आर्थिक वर्ष २०७६/७७ को आर्थिक सर्वेक्षणमा मुलुकका विभिन्न स्थानमा रहेका १ सय २६ तुइन हटाएर झोलुंगे पुल बनाइएको उल्लेख थियो । तर व्यवहारिक रुपमा तुइन विस्थापन हुन सकेको छैन ।

### प्रधानमन्त्रीलाई...

ल्याउन रोक लगाउनेगरी अगाडि बढेको यो प्रक्रिया तत्काल रोक्न प्रधानमन्त्री प्रचण्डको निर्देशन थियो ।

तर प्रधानमन्त्री प्रचण्डको निर्देशन कार्यान्वयन नभएको सम्बन्धित अधिकारी र सेवाग्राहीहरु नै बताउँछन् । मोबाइल ल्याउन अहिले पनि भन्सारमा उस्तै कडाइ छ । यसपछि प्रधानमन्त्री प्रचण्डले दिएको अर्को निर्देशन पनि कार्यान्वयन हुन सकेन ।

प्रधानमन्त्री प्रचण्डले इन्धनको मूल्य घटाउन निर्देशन दिएका थिए । त्यो निर्देशन अनुसार अन्तर्राष्ट्रिय बजारमा घटेको मूल्य प्रणालीअनुसार नेपालमा इन्धनको मूल्य घट्न सकेको छैन । नेपाल आयल निगमले यसअघि भएको घाटा उठाउन भन्दै अझै पनि इनधनको मूल्य घटाएको छैन । उल्टै मन्त्रालयकै सचिव सरुवा गरेर निगमलाई सजिलो बनाइदिएको छ। लगातारको निर्देशन कार्यान्वयन नहुँदा तेस्रोपटक प्रधानमन्त्री भएका प्रचण्डप्रति समेत टिप्पणी हुन थालेको छ। विश्वासको मत पाउनै बाँकी रहेका प्रधानमन्त्री प्रचण्डप्रति मात्रै नभएर अहिलेको सरकारप्रति समेत गिज्याउन निर्देशनलाई साहरा लिने प्रवृत्ति देखिएको छ ।

### तत्काललाई ...

बुझाउँदा नागरिक उन्मुक्तिकी अध्यक्ष श्रेष्ठ पनि सँगै उभिएकी छन्। यो पार्टीसँग प्रतिनिधिसभामा ४ सांसद छन् ।

नयाँ पार्टीका रुपमा उदाएको जनमत पार्टी सरकारमा सहभागी भइसकेको छ । ११ पुसमा प्रधानमन्त्री प्रचण्डले शपथ लिदा आठ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए। त्यसदिन प्रधानमन्त्री प्रचण्डले नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीका सांसदहरुलाई मन्त्री नियुक्त गरे ।

एमालेका विष्णुप्रसाद पौडेल, माओवादीका नारायणकाजी श्रेष्ठ र रास्वपाका रवि लामिछाने प्रचण्ड नेतृत्वको सरकारमा उपप्रधानमन्त्री छन् । प्रतिनिधिसभामा एमालेसँग ७९, माओवादी केन्द्रसँग ३२, रास्वपासँग २० र जनमत पार्टीसँग ६ सिट छ । यो सबै जोड्दा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने संख्या १६७ पुग्छ । बाँकी दुई स्वतन्त्र सांसदले पनि विश्वासको मत दिने जनाएका छन्। त्यसैले प्रधानमन्त्री प्रचण्डले सात दल र स्वतन्त्र सांसदहरुबाट समेत विश्वासको मत पाउने लगभग निश्चित भएको छ ।

सँगै, नेपाली कांग्रेसका नेताहरुले नयाँ सरकार बनाउन गरेको प्रयत्न कम्तिमा यसपटक असफल भएको छ । कांग्रेस नेताहरुले रास्वपा र राप्रपालाई प्रधानमन्त्रीकै अफर दिएर प्रचण्ड नेतृत्वको सरकारलाई अल्पमतमा पार्ने प्रयास गरेका थिए । तर संविधानको धारा ७६ (२) बमोजिम बनेको सरकार असफल भएमा कांग्रेस सभापति शेरबहादुर देउवा नै प्रधानमन्त्री हुने बाटो खुल्ने अनुमान पनि भइरहेको थियो । किनकि संवैधानिक प्रक्रिया भनेको धारा ७६ (२) बमोजिम बनेको सरकारले विश्वास नपाएमा धारा ७६(३) बमोजिम प्रतिनिधिसभाको सवैभन्दा ठूलो दलको सरकार बन्ने थियो ।

संविधानको यो प्रक्रियाले पनि कांग्रेसका नेताहरुले बाँडेको प्रधानमन्त्रीको अफर सफल हुन सकेको देखिदएन । बरु नेकपा एकीकृत समाजवादीले समेत प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने संकेत गरेको छ। एकीकृत समाजवादीभित्र प्रचण्डलाई विश्वासको मत दिनुपर्ने दबाव बलियो छ ।

### प्रधानमन्त्री...

भने, 'यो सरकारलाई हामी सफल सरकार बनाउन चाहन्छौं ।' त्यसका लागि सही नीति आवश्यक पर्ने अध्यक्ष ओलीले बताए । भ्रष्टाचार नियन्त्रण, सुशासन र विकासका निम्ति उचित कदम चाल्दा अहिलेको सरकार सफल हुने ओलीको टिप्पणी छ ।

नेपाली कांग्रेसका नेताहरुले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई प्रधानमन्त्रीको प्रस्ताव गरेको सूचना सार्वजनिक भएको थियो । तर सरकारको उपप्रधानमन्त्री एवम् गृहमन्त्री रहेका रास्वपाका अध्यक्ष रवि लामिछानेले कांग्रेस नेताहरुको प्रस्ताव अस्वीकार गरेका नेताहरुले बताएका थिए ।

यसपछि राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनलाई पनि प्रधानमन्त्रीको अफर गरेको सूचना सार्वजनिक भएको थियो । कांग्रेस सभापति शेरबहादुर देउवाले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग पनि भेटेका थिए। कांग्रेस नेताहरुले २६ पुसमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिनु अगाडि नै आफ्नो नेतृत्वमा बहुमत जुटाउने प्रयास गरेपनि सफल नहुने अध्यक्ष ओलीले बताएका छन् ।

अध्यक्ष ओलीले कसैलाई प्रधानमन्त्री बाँडेर नहुने बताए । प्रचण्ड नेतृत्वको सरकारले विश्वासको मत नपाएमा फेरि कांग्रेस सभापति देउवा नै प्रधानमन्त्री हुने ओलीले बताए । अहिलेको सरकार संविधानको धारा ७६ (२) बमोजिम बनेकाले यसले विश्वासको मत नपाए संविधानको धारा ७६ (३) बमोजिम देउवा प्रधानमन्त्री नियुक्त हुने बताए ।

'यो सरकारले विश्वासको मत प्राप्त गरेन भने संविधानको धारा ७६ (३) अनुसार संसद्मा सवैभन्दा ठूलो दलको नेताले प्रधानमन्त्रीको नियुक्त पाउँछ', ओलीले भने ।

### घुमिफिरी...

लैजाने निर्णय लिएका छन् ।

बाबुरामसँग एकताका लागि माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा नेतृत्वको कार्यदलले काम गर्ने भएको छ। यो कार्यदलमा महासचिव देव गुरुङ, उपमहासचिवहरु जनार्दन शर्मा र शक्ति बस्ने सदस्य छन् । नेसपाले पनि आज कार्यदल गठन गर्ने नेता गंगानारायण श्रेष्ठले बताए ।

अर्थात् आफैले बनाएको र राष्ट्रिय राजनीतिमा स्थापित गरेको माओवादी केन्द्रमा पूर्वप्रधानमन्त्री भट्टराई सात वर्षपछि फेरि फर्कने भएका छन् ।

### म्यानपावरलाई ...

अपलोड गर्न भनेको छ। म्यानपावर कम्पनीहरुले कम्पनी रहेको ठेगाना, फोन नम्बर, फ्याक्स नम्बर, इमेलसहित लाइसेन्स, शेयर लगत, गुगल नक्सा, सञ्चालकको नामसहित तीनपुस्ते विवरण, नागरिकता, संस्थाको परिचयपत्र, संस्थामा कार्यरत कर्मचारीको विवरण पठाउनुपर्ने विभागले उल्लेख गरेको छ ।

कोभिड–१९

# थप एक जनाको मृत्यु, २१ सक्रिय संक्रमित

**मध्यान्ह / संवाददाता**
काठमाडौं, २३ पुस

नेपालमा झण्डै तीन महिनापछि कोरोना संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौंस्थित वीर अस्पतालमा संक्रमणबाट ५७ वर्षीय एक पुरुषको मृत्यु भएको हो । थप एक संक्रमितको मृत्यु भएसँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १२ हजार २० पुगेको छ । गत २४ घण्टामा नेपालमा थप ३ जना नयाँ कोरोना संक्रमित थपिएका छन् ।

५५५ जनाको पीसीआर परीक्षणका क्रममा ३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । उक्त अवधिमा २ जना उपचारपछि निको भएका छन्। यो सँगै निको हुनेको संख्या ९ लाख ८८ हजार ९७९ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ हाल देशभर २१ जना सक्रिय संक्रमित छन्। यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कोरोना संक्रमण पुनः बढ्न थालेको भन्दै बुष्टर डोज खोप तत्काल प्रबन्ध गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएका छन्। गत मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सचिवहरुको कुरा सुनेपछि उनले स्वास्थ्य मन्त्रालयलाई कोरोनाको भ्याक्सिनको तत्काल प्रबन्ध गर्न निर्देशन दिए ।

उनले भनेका छन्, 'कोभिड १९ को संक्रमण पुनः क्रमशः बढ्न लागेको प्रकाशमा आएको छ । जनस्तरमा कोरोना फैलिन नदिन आवश्यक निरोधात्मक र प्रवर्धनात्मक कार्यहरु गर्ने । बुष्टर डोज खोपको लागि कोरोनाको भ्याक्सिनको तत्काल प्रबन्ध स्वास्थ्य मन्त्रालयले गर्नुहोला ।'

### 'गाभी'ले १५ लाख मात्रा खोप दिने

कोरोना भाइरसविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज) का लागि खोप ल्याइने भएको छ । 'भ्याक्सिन र खोपको लागि ग्लोबल एलायन्स''गाभी'ले १५ लाख मात्रा खोप दिने भएको हो ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा खोप शाखाका अनुसार एक महिनापछि आगामी माघ १९ गते सो परिमाणको खोप नेपाल ल्याइने छ । गत पुस १४ गते सरकारले बुस्टर डोज खोपका लागि औपचारिक रुपमा 'गाभी'लाई पत्र लेखेको थियो । कोरोना भाइरसको संक्रमण बढिरहेको बेला सरकारले बुस्टर डोज खोप ल्याउने तयारी गरेको हो । सरकारले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि बुस्टर डोज नलगाएका सबैलाई खोप लगाउन आग्रह गरेको छ । छिमेकी मुलुक भारत र चीनमा विएफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरेको छ ।

## Madan Bhandari Academy of Health Sciences

**Bagmati Province**

**Hetauda, Makwanpur**

## Invitation for Bids

**Date of first Publication: 2079.09.24**

Madan Bhandari Academy of Health Sciences invites electronic bids from eligible bidders for the below mentioned activities in Madan Bhandari Academy of Health Sciences under National competitive Bidding procedure. Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences or may visit PPMO website: *www.bolpatra.gov.np/egp*

| S. No. | Notice No. | Group | No. of procurement | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1. | MBAHS/NCB/079/080-001 | Procurement of Furniture & Fixture Items for New Building of Hetauda Hospital | Package 1 (Steel & Iron Furniture) | Rs. 3,000.00 | Rs.56,000.00 | 2079.10.24 12:00 hours | 2079.10.24 13:00 hours |
| | | | Package 2 (Hospital Furniture) | | Rs.13,000.00 | | |
| | | | Package 3 (Wooden Furniture) | | Rs.91,000.00 | | |
| | | | Package 4 (Fixtures Items) | | Rs.22,000.00 | | |

**Madan Bhandari Academy of Health Sciences, Hetauda**

## Champadevi Rural Municipality

### Office of the Rural Municipal Executive

**Kalika, Okhaldhunga**

**Province no.1, Nepal**

## e-Bids Invitation

**Date of Notice Publication: 2079/09/24**

1. The Champadevi Rural Municipality, office of the Municipal Executive has allocated found towards the cost of contracts Description Table (CDT) at end of the Notice and intends to apply part of the fund to cover eligible payment under the contract for the construction of work in the following project for which this tender invitation is issued.
2. The Champadevi Rural Municipality, office of the Executive, Kalika,Okhaldhunga invites electronics bids from eligible bidders for the following work.
3. Interested eligible bidders may download bid document from e-procurement Section of PPMOs website www.bolpatra.gov.np/egp on or before the deadline of 2079/10/24 at 12.00 PM hours
4. Bid opening date and time: **2079/10/24 at 14.00 hours**
5. Bidder whose choose to submit their bid electronically through e-procurement section Of PPMOs website http//bolpatra.gov.np can submit the bid security in the form of cash the cash should be deposited at Agricultural Development Bank ltd,Champadevi branch and should submit /up load the original receipt of the deposited amount of cash along with the bid document the bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the offices Rajaswa (Revenue) Account as specified in the Notice and electronics scanned copy (PDF format of the bank deposit voucher also should be submitted along with the electronic bid documents)
   **Information to deposit the cost of bidding document Amount in bank**
   **Name of Bank: Agricultural Development Bank ltd,Champadevi branch**
   **Name of Office: Champadevi Rural Municipality, office of the Municipal Executive, Kalika, Okhaldhunga,**
   **Office Code No: 801011003**
   **Internal Revenue Account No. Ga.l.1(1125701782616052)**
6. The bidders are invited to participate in the pre- bid meeting on the 2079/10/13 at 0l. 00A.M. at Champadevi Rural Municipality, office of the Municipal Executive, Kalika,Okhaldhunga
7. Bid must be valid for a period of 90 days and must be accompanied by bid security as mentioned in the table below in cash deposited in **Dharauti Account No: Ga 3.1(1125701782616044) Agricultural Development Bank ltd,Champadevi branch** or in the form of bank guarantee in favour of Champadevi Rural Municipality, Office of the Rural Municipal Executive , Kalika ,Okhaldhunga as per standard format provided in bid document (Contract No. should be clearly mentioned otherwise will not be accepted) Bid Security validity period for tender shall be **120 days** from the date of bid opening
8. Bidders are advised to visit the construction site and access the actual site conditions before submitting their Bid
9. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement Regulations-2064 and other prevailing regulations
10. All the right as to whether to accept or reject the bid partially or fully are reserved to Champadevi Rural Municip ali ty, Office of the Rural Municipal Executive, Kalika,Okhaldhunga
11. The Bidders can only submit the bid electronically.
12. The Description of Contracts is given below.

**Contracts Description Table (CDT)**

| Contract No. | Project Name | Estimated Amount Without Vat.and Contingency) | Bid Security Amount(NRs.) | Fee for bid procurement (NRs.) |
|---|---|---|---|---|
| CDRM/NCB/works/04/079/80 | Sundarpur vage chitre atmara hudai phediguth sadak nirman yojna | Nrs.43,67,256.63 | Nrs.130,000 | Nrs.3000 |
| CDRM/NCB/Works/05/079/080 | Silkhu rancha tauke hudai Phediguth sadak nirman yojana | Nrs. 65,53,093.11 | Nrs. 195,000 | Nrs. 3000 |

**Chief Administrative Office**

यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: EVERSENDAI ENGINEERING F.Z.E.

पूर्व स्वीकृत मितिः २०७९/०९/२२ | चलानी नं.: ६०१९४५५२ | LT. No.: 279018

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 250 | 0 | स. काममा दक्ष | 800 | २८,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालयमा धमाधम भईरहेको छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १ गते (15 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

(श्रम इजाजत नं: ५४३/०६१/०६२)

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com

" Real Happiness Lies in Making Other Happy"

# साझा बसमा राष्ट्रपति



**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारी साझा यातायातको विद्युतीय बसमा ललितपुरको पाटनढोका पुगेकी छिन् । राष्ट्रपति भण्डारी शनिबार दिउँसो शीतल निवासबाट विद्युतीय बसमा पाटनढोका पुगेकी हुन् । पाटन पुगेकी राष्ट्रपति भण्डारीलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले पुष्पगुच्छाले स्वागत गरेका थिए । उनले पाटनढोकामा रहेको मदन पुरस्कार पुस्तकालयको समेत अवलोकन गरिन् । राष्ट्रपति भण्डारीले पुस्तकालयमा रहेको हस्तलिखित स्वस्थानी व्रतकथाको समेत अध्ययन गरेकी थिइन् । पुस्तकालयको अवलोकनपश्चात् राष्ट्रपति भण्डारी हिँडेर अवलोकनका लागि पिम्बहाः पुखु पुगेकी थिइन् । पिम्बहाःमा उनले नेवारी भजन ग्रहणसँगै पिम्बहाः पुखुको इतिहासका बारेमा जानकारी लिएकी हुन् । काठमाडौंको रानीपोखरीभन्दा पुरानो पिम्बहाः पुखुको पुरानो नाम जगमदु पुखु हो । पुस्तकालय र पिम्बहाः पुखुको अवलोकनपश्चात् पुनः राष्ट्रपति भण्डारी साझाको विद्युतीय बसमा शीतल निवास फर्केकी थिइन् ।

# दूतावासका द्वितीय सचिवको सम्मान तथा बिदाइ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ पुस



गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले नेपाली राजदूतावास कतारका द्वितीय सचिव प्रविण भट्टराईलाई सम्मानसहित बिदाइ गरेको छ ।

चार वर्षे कार्यकाल सकेर नेपाल फर्कन लागेका भट्टराईलाई दूतावासमा रहँदा नेपाली समाजमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै एक कार्यक्रमका बीच सम्मानसहित बिदाइ गरिएको हो ।

सम्मान ग्रहण गर्दै द्वितीय सचिव प्रविण भट्टराईले दूतावासबाट सेवा प्रवाह गर्ने क्रममा कानूनी रूपमा भएका जटिलतालाई सहज बनाउने प्रयास गरेको बताए । सहज रूपमा पासपोर्ट उपलब्ध गराउनका लागि दूतावासको पहिलो प्राथमिकता रहेको भन्दै भट्टराईले यसको लागि आफूले इमानदारपूर्वक सकेको प्रयास गरेको बताए । अन्य देश भन्दा गल्फ विशेष रहेको भन्दै भट्टराईले एनसीसी कतारले कतारमा रहेका स्थापित संघ/संस्थाको नेतृत्व गर्दै उत्कृष्ट काम गरेको भन्दै प्रशंसा गरेका थिए । भट्टराईले एनआरएनमा देखिएको विवादतर्फ संकेत गर्दै समान उद्देश्य भएका संस्था एक भएर अगाडि बढ्नका लागि सुझाव दिए ।

कार्यक्रममा एनसीसी अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले द्वितीय सचिव भट्टराईले कोभिडको कठिन समयमा राहत सामग्री वितरणदेखि रेस्कु फलाईटलाई सहज बनाउन देखाएको सक्रियता उच्च प्रशसनीय रहेको बताए । भट्टराईले दूतावासमा रहेर एनआरएनए लगायत कतारमा स्थापित सम्पूर्ण सामाजिक संस्थालाई महत्वपूर्ण सल्लाह सुझाव प्रदान गरेको भन्दै कतारस्थित नेपाली समुदायले सदैव सम्झने उनको भनाइ थियो ।

कार्यक्रममा आइसीसीका सह-कोषाध्यक्ष होमनाथ शर्मा, मध्य पूर्व सह-संयोजक केवि हमाल, आइसिसी सदस्य नरेश श्रेष्ठ, तेज कटुवाल र एनसीसी कतारका सल्लाहकार मनिष यादवले द्वितीय सचिव भट्टराईले दूतावासमा रहँदा गरेका कार्य सम्पादनको खुलेर प्रशंसा गरेका थिए । गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष मुसलमानको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य प्रथम उपाध्यक्ष जैवी चाम्लिङ राईले र महासचिव पदम गिरिले सहजीकरण गरेका थिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/२४**

**गिरी एण्ड सिंह कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७७/०८/१८ गतेमा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फ्रन्टलाइन बिल्डर्स एण्ड डिजाइनर्स प्रा.लि. (प्रा.लि.नं.: १५९३८७)** कायम गर्ने गरी मिति २०७९/०९/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Invittion For Online Bids

# Sidingba Rural Municipality

## Office of the Rural Municipal Executive

**Sablakhu, Taplejung**
**Province No. 1, Nepal**

**IFB No: SRM/TPJ/SQ/Works/2079/080-04**
**Second Date of Publication: 2079/09/24 (8th Jan. 2023)**
**IFB No: SRM/TPJ/SQ/Works/2079/080-05**
**First Date of Publication: 2079/09/24 (8th Jan. 2023)**

1. Sidingba Rural Municipality, Sablakhu, Taplejung invites electronic bids only from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelop Procedure.

| Contract ID No | Name of Project | Estimated Cost exclusive of VAT and contingencies | Bid Security Amount NRs. | Bid Fee NRs. | Bid Validity period |
|---|---|---|---|---|---|
| SRM/TPJ/SQ/ Works/2079/080-04 | Construciton of Causeway in Suwa khola, Sadewa-2/Ankhop-3 | 14,41,539.90 | 51,000.00 | 1,000.00 | 75 days |
| SRM/TPJ/SQ/ Works/2079/080-05 | silsila-shibrak to sidingbadham-road construction and maintenance. | 12,74,764.46 | 44,000.00 | 1,000.00 | 75 days |

2. Eligible Bidders may obtain further information from the office of the Sidingba Rural Municipality, Sablakhu, Taplejung, Cont.no: **9852660153** and **9863677911** email: ***sidingbarmtpj@gmail.com*** or may visit PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. 1
3. For purchasing & submission of bidding documents from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank : Laxmi Bank Limited, Sidingba Branch. Taplejung.**
   **Name of Office : Sidingba Rural Municipality, office of the Rural Municipal Executive, Sablakhu, Taplejung.**
   **Office Account no. : 09303000021 (Sidingba Ga.Pa., Aantrik Rajaswo Khata)**
4. Bids must be submitted through ***www.bolpatra.gov.np***, on or before 12:00 noon on 08-10-2079 (22nd Jan. 2023). Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of bidder's representatives who choose to attend at the office of Sidingba Rural Municipality, Office of Rural Municipal Executive, Sablakhu, Taplejung on 1:00 pm on 08-10-2079 (22nd Jan. 2023). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied with above bid security, which shall be valid for 30 days beyond the bid validity period.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Act. Chief Administrative officer**
**Sidingwa Rural Municipality**

# पुचौंडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**हाँट, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः- २०७९/०९/२४)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०८/०९ को अन्नपूर्ण राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको मूल्याङ्कनमा निम्न तालिकामा उल्लिखित योजना र ठेक्काहरूमा तपसीलका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | Construction of Kaphalghad Dekhi Khetikhana samma Sichai Yojana | PNP/BTD/ NCB/08/079/080 | श्री मिलन कन्स्ट्रक्सन मार्मा-०४, दार्चुला । | ३५,०६,७८२१९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# रास्कोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**आरसिपि-५, कालिकोट, कर्णाली, प्रदेश नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सुचना प्रकाशित मितिः (२०७९/०९/२४)**

यस कार्यालयबाट मिति २०७९।०८।१४ मा राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आब्हान गरिएको सुचना बमोजिम तोकिएको म्याद भित्र प्राप्त हुनआएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभुत रुपमा प्रभावकारी रहेको हुँदा उक्त बोलपत्रको स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सवैको जानकारीको लागि यो सात (७) दिने सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कवोल अंक रु. (मु.अ.कर सहित) |
|---|---|---|---|
| RM/079-80/BLDG/ WORKS/NCB-03 | Construction work of Badimalika Namuna School Building , Raskot -5, kalikot | Surya Nirman Sewa Badalkot-02, Kalikot | Rs 8616728.56 |
| RM/079-80/DWS/ WORKS/NCB-04 | Construction work for drinking water supply for Raskot, Municipality having Intake at Gerukhola | Shrisha Nirman Sewa Nepalgunj-1, Banke | Rs.11246950.08 |

**(प्रमुख प्रशासकीय अधिकृत)**

# Tatopani Rural Municipality

## Office of Executive Rural Municipal

Litakot-03, Jumla
Karnali Province, Nepal

## Invitation for Bids

**First Date Of Publication: 2079/09/24 (08/01/2023)**

1. The Tatopani Rural Municipality invites quotations from registered Suppliers for the Supply of Fabricated Steel parts.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jumla, 9758901332, ito.tatopanimun@gmail.com. OR may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. **Name of the Bank: Global IME Bank Ltd.**
   ii. **Name of Office: Tatopani Rural Municipality**
   iii. **Office Code No : 8010662046**
   iv. **Office Account No : 26304010000010**
   v. **Rajaswa (Revenue) Shirshak No: Ga.1.1 Aantraik Rajaswo Khata Tatopani Jumla**
4. Sealed bids must be submitted to the office Tatopani Rural Municipality Jumla through e-GP system i.e www. bopatra.gov.np/egp on or before 23-01-2023 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 23-01-2023 13:00 at the office of Tatopani Rural Municipality JumlaKarnali Province Nepal.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [26304010000004] at [Global IME Bank Ltd.,Tatopani Rural Municipality, Litakot-03] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (WO VAT) | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|---|
| 1 | Supply of Fabricated Steel parts, Hankutruss bridge | TRM/Jumla/SQ/ G/2079/80-01 | NRs.1524247.40 | NRs. 1000.00 | NRs. 38000.00 |
| 2 | Supply of Fabricated Steel parts, Buntadi Trail Bridge | TRM/Jumla/SQ/ G/2079/80-02 | NRs.1577880.30 | NRs. 1000.00 | NRs. 44000.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२४ पुस २०७९, आइतबार
8 January 2023, Sunday

## सम्पादकीय

# अनुचित प्रयत्न

विश्वासको मत लिनुअगाडि नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई अल्पमतमा पार्ने प्रयास शुरू भएको नेताहरूले बताएका छन् । शनिबार आयोजित एक कार्यक्रममा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सरकार असफल बनाउने प्रयास शुरू भएको बताए । त्यसको नेतृत्व नेपाली कांग्रेसले गरिरहेको ओलीको टिप्पणी छ । प्रधानमन्त्री प्रचण्डलाई असफल पार्न कांग्रेसले प्रधानमन्त्रीको पद बाँड्दै हिडेको ओलीले बताए । अहिले मात्रै नभएर कांग्रेसले पाँचै वर्ष सरकार असफल बनाउन लागिरहने पनि बताए । केही दिन यता भएको नेताहरूको भेटवार्ता र सार्वजनिक टिप्पणीले पनि प्रधानमन्त्री प्रचण्डको पक्षमा बहुमत जुटाउन नदिने प्रयत्न भएको अनुमान लगाउन सकिन्छ । सार्वजनिक भएको सूचना अनुसार, कांग्रेसका नेताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लाई प्रधानमन्त्रीको प्रस्ताव गरेका छन् ।

कुनैपनि दलले एकल बहुमत नल्याएको र सात दल मिलेर संयुक्त सरकार बनाएकाले अर्को सरकार बन्ने संसदीय समीकरण संभव पनि छ । यदि रास्वपा र राप्रपाले विश्वासको मत नदिने हो भने प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउने छैनन् । संसद्मा नेकपा माओवादी केन्द्रसँग ३२ सिट मात्रै भएकाले एमालेको समर्थन मुख्यगरी आवश्यक छ । ७९ सिट सहितको एमालेकै समर्थनमा यो सरकार बन्न सकेको हो । तर ८९ सिटसहित संसद्मा कांग्रेस सवैभन्दा ठूलो दल भएकाले अर्को सरकार बन्ने र प्रचण्ड नेतृत्वको सरकारले विश्वासको मत नपाउने संभावना छदैछ । त्यही संभावना प्रयोग गरेर कांग्रेसका केही नेताहरूले नयाँ समीकरण बनाउन लागिपरेको सत्तारूढ नेताहरूको भनाइ छ ।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र प्रवक्ता डा.प्रकाशशरण महतले पनि सत्ता गठबन्धन धेरै नटिक्ने सार्वजनिक टिप्पणी गरेका थिए । कांग्रेसले आफ्नो नेतृत्वको सरकार बनाउने प्रयत्न गर्नु अनुचित पनि होइन । किनकि संसदीय प्रणालीमा बहुमतले नै सरकारको नेतृत्व गर्ने हो । तर अहिले कांग्रेसले यस्तो प्रयत्न गर्नु उचित होइन । किनकि भर्खरै मात्रै कांग्रेस नेतृत्वको गठबन्धन भत्किएको छ । माओवादी केन्द्रलाई विश्वासमा राख्न नसकेकाले एमाले नेतृत्वमा प्रचण्ड प्रधानमन्त्री बनेका हुन् । एकपटक एमालेसहितको बहुमतबाट प्रचण्ड प्रधानमन्त्री बनिसकेकाले अब यही सरकारले निरन्तरता पाउन आवश्यक छ । किनकि मुलुक र जनतालाई राजनीतिक स्थीरता चाहिएको छ, विकास र प्रशासनिक सहजता चाहिएको छ । यदि यो सरकारले ती आवश्यकता पूरा गर्न सकेन भने अर्को विकल्प स्वभाविक हुन जान्छ । तर कम्तिमा अहिले प्रचण्डले विश्वासको मत पाउनु र कांग्रेसले सशक्त प्रतिपक्षी भूमिका निर्वाह गर्नु नै सबैको हितमा हुनेछ ।

# स्ववियु निर्वाचनमाथि बहस

*पञ्चायतकालमा प्रजातन्त्रको आवाज उठाउने एउटा महत्वपूर्ण फोरम थियो स्ववियु । यसले राजनीति पार्टीहरूलाई प्राण दान गरेकै थियो । अहिलेका धेरै नेताहरू त्यसैका उत्पादन हुन् । तत्कालीन स्ववियु विद्यार्थी हकहितको साथै शैक्षिक आन्दोलनको अगुवा थियो । तानाशाही शासकहरूलाई प्रजातन्त्र चाहिन्छ भनेर बिगुल बजाउने संस्था स्ववियु नै थियो ।*

अग्रलेख



● बिदुर दाहाल

केही दिन यता त्रिभुवन विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा स्ववियु निर्वाचन हुने हल्ला चलेको छ । २०७९ चैत्र ६ गतेलाई त्रि.वि.कार्यकारी परिषद्ले मिति तय गरेको हल्ला छ । चुनाव होला भनेर संघ संगठनका केही अगुवाले क्याम्पसहरुमा चहलपहल बढाएका पनि छन् । दुई/दुई वर्षमा हुने चुनाव अनेक दाउपेचका कारण नियमित हुन सकेन । चुनाव नहुनुमा अनेकन कारण छन् । वास्तवमा क्याम्पसहरु शैक्षिक केन्द्रभन्दा राजनीति केन्द्रका रूपमा परिणत हुँदा स्ववियु चुनाव नियमित हुन नसकेको पक्ष एकातिर छ । यसो हुनु दुःखद पक्ष हो । बदलिँदो परिवेशमा स्ववियु चुनाव नियमित हुनुपर्छ वा पर्दैन ? अब बहसको विषय हो । स्ववियु निर्वाचन भएसँगै त्रिभुवन विश्वविद्यालयका शैक्षिक समस्या समाधान होलान् ? वा स्ववियु चुनाव नभएर पो बेथिती बढेको हो ? प्रश्न अनुत्तरित छन् ।

विद्यार्थी संघ संगठनको नेतृत्व दाइ मात्र होइन; काका पुस्तामा छ । विश्वविद्यालयले स्ववियु निर्वाचनमा २८ वर्षे उमेर हद लगाएको छ । बाहिर चुनाव माग्ने भित्र-भित्र चुनाव नगराउने रणनीतिमा विद्यार्थी संगठनको नेतृत्व छ । आफू बाहिरिने चुनाव किन गर्लान् र ? अहिलेको मिति पनि यसैको षड्यन्त्रमा गुज्रिए अनौठो हुने छैन । संघसंगठनका पुराना पुस्ता विस्थापित हुने हुँदा चुनावप्रतिको रुची कम छ । त्यति मात्र होइन; सरकारमा माउ पार्टीको नेतृत्व नहुँदा अनेक बहाना बनाई स्ववियु चुनाव बिथोलेका अनेक उदाहरण छन् । यो विद्यार्थी नेताहरुको पुरानै बानी हो । राज्य सत्ताको आडमा चुनाव जित्ने अभ्यास गर्दै आएकाहरुबाट घोषणा भएको मिति पनि बिथोलिँदैन भन्ने ग्यारेन्टी छैन ।



अहिलेको स्ववियु राष्ट्रिय राजनीतिको छाँयामा छ । कुनै दिन राष्ट्रिय राजनीतिलाई यसले मार्ग दर्शन गर्दथ्यो । पहिले र अहिले स्ववियु र राजनीतिमा फरक छ । पहिलेका विद्यार्थी नेता राजनीतिसँगै अध्ययन-अध्यापनलाई जोड दिन्थे । अहिले विद्यार्थी नेता कमाईलाई जोड दिन्छन् । मुल पार्टीको भातृ संगठनका रूपमा काम गर्छन् । यही फरक छ; बिगत र वर्तमानमा ।

देशमा एक दलीय पञ्चायती व्यवस्था हुँदा प्रजातन्त्रको वकालत गर्ने संस्था हो; स्ववियु । राजनैतिक र शैक्षिक दुबै क्षेत्रमा गौरवमय इतिहास छ; यसको । तत्कालीन मुलधारका पार्टीहरु (कांग्रेस र कम्युनिस्टहरु) भूमिगत हुँदा उनीहरुलाई प्राण भर्ने काम स्ववियुले गरेको थियो । स्ववियु भनेको स्वतन्त्रताको प्रतीक थियो । नेपालमा प्रजातन्त्र प्रेमिहरु उकुसमुकुस हुँदै गर्दा तत्कालीन पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोलाई सैनिक तानाशाहले फाँसी दिएको विरोधमा नेपालका विद्यार्थीहरुले व्यापक विरोध गरे । त्यो विरोधको खास निशाना नेपालको पन्चायती व्यवस्था थियो । विद्यार्थी आन्दोलनले तत्कालीन शासकहरुलाई जनमत संग्रह गर्न बाध्य बनाएको थियो । पञ्चायती व्यवस्था विद्यार्थी आन्दोलनसँग झुकेको थियो । हारेको थियो । परिणाम स्वरूप स्वतन्त्र विद्यार्थी युनियनले क्याम्पसहरुमा वैधानिकता पाएका थिए ।

> *परिस्थिति बदलिएको छ । व्यवस्था फेरिएको छ । प्रशासन एवम् राज्य व्यवस्था लोकतान्त्रिक छ । विद्यार्थीका जायज आवाजलाई सधैँ सुनुवाइ गर्दछ । तर, हिजो शैक्षिक आन्दोलन र लोकतान्त्रिक व्यवस्थाका लागि योगदान गर्ने स्ववियुले आफुलाई समयानुकूल परिवर्तन गर्न सकेको छैन । सबैभन्दा चिन्ताको विषय यही हो । अब स्वतन्त्र विद्यार्थी युनियनले राजनीति परिवर्तनभन्दा शैक्षिक परिवर्तन र गुणस्तरीय शिक्षाका लागि योगदान दिनुपर्छ ।*

पञ्चायत कालमा प्रजातन्त्रको आवाज उठाउने एउटा महत्वपूर्ण फोरम थियो; स्ववियु । यसले राजनीति पार्टीहरुलाई प्राण दान गरेकै थियो । अहिलेका धेरै नेताहरु त्यसैका उत्पादन हुन् । तत्कालीन स्ववियु विद्यार्थी हकहितको साथै शैक्षिक आन्दोलनको अगुवा थियो । तानाशाही शासकहरुलाई प्रजातन्त्र चाहिन्छ भनेर बिगुल बजाउने संस्था स्ववियु नै थियो । हिजो जुन गौरवमय इतिहास थियो; त्यो आजको स्ववियुमा भने देखिँदैन । हिजो र आजको स्ववियुमा किन आकाश जमिनको फरक भयो । खोजिको विषय हो ।

बिगतमा क्याम्पस हाताहरु प्रहरी निषेध हुन्थे । क्याम्पसहरु स्वतन्त्रताका बिम्ब थिए । तानाशाही क्याम्पस प्रशासन र व्यवस्थालाई स्ववियुले गलत काम गर्न रोक्ने हैसियत राख्थ्यो । सधैँ राम्रोको लागि झक्झकाउथ्यो । प्रजातन्त्र बहाल नहुँदासम्म नेताहरु उत्पादन गर्ने कारखाना थियो । थोर बहुत योगदान अझै पनि छ ।

तर, परिस्थिति बदलिएको छ । व्यवस्था फेरिएको छ । प्रशासन एवम् राज्य व्यवस्था लोकतान्त्रिक छ । विद्यार्थीका जायज आवाजलाई सधैँ सुनुवाइ गर्छ । तर, हिजो शैक्षिक आन्दोलन र लोकतान्त्रिक व्यवस्थाका लागि योगदान गर्ने स्ववियुले आफुलाई समयानुकूल परिवर्तन गर्न सकेको छैन । सबैभन्दा चिन्ताको विषय यही हो । अब स्वतन्त्र विद्यार्थी युनियनले राजनीति परिवर्तनभन्दा शैक्षिक परिवर्तन र गुणस्तरीय शिक्षाका लागि योगदान दिनुपर्छ । तर, छनक त्यस्तो कतै पनि देखिँदैन । विद्यार्थी संघ संगठनहरु र स्ववियुको ध्यान अन्त कतै छ । त्यो नमिठो कुरा यसमा लेख्दा अनेक जोखिम मोल्नु पर्ने हुन्छ । त्यसैले लेख्ने आट गरिएन ।

स्वतन्त्र विद्यार्थी युनियनको चुनाव हुने हल्ला चलिरहँदा अब स्ववियु चुनाव किन ? भन्ने प्रश्न स्वभाविकरूपमा उठेको छ । व्यवस्था बदलिएको छ । प्रजातान्त्रिक प्रशासन छ । विद्यार्थीका जायज कुरा सधैँ सुन्छ । कक्षाका मोनिटरहरु तथा कक्षा क्याप्टेनबाट पनि कक्षाकोठा र विद्यार्थीका समस्या सुनुवाइ हुनसक्छ । तामझामको स्ववियु नै किन ? प्रश्न पेचिलो छ ।

खाली पार्टीका नेता उत्पादन गर्ने कारखाना बनाउने हो भने फरक कुरा भयो अन्यथा अहिलेको भूमिकाको स्ववियुको औचित्य समाप्त भयो । स्ववियुले आफ्नो भूमिका बदलोस् । शैक्षिक परिवर्तन र गुणस्तर अभिवृद्धिमा आफुलाई रूपान्तरण गरोस् । सरकारी क्याम्पस पढाउने र सिकाउने थलो होइन; राजनीति गर्ने ठाउँ हो भन्ने कुरा बदल्न स्ववियुले भूमिका खेलोस् । समयले यही मागेको छ । नयाँ रूपको स्ववियुलाई शुभकामना !

## सामाजिक सञ्जाल



**- भानुप्रसाद आचार्य**

विकास र समृद्धिलाई राजनीतिक दलले आफ्नो नारा बनाउँछन् । तर, विकास प्रक्रियालाई भौतिक एवम् प्राविधिकरूपमा बुझेर मात्र पुग्दैन, यसले खोज्ने सहभागिता, अपनत्व र आर्थिक सामाजिक सम्बन्ध बिर्सन्छन् । विकास आयोजनाको समय, लागत बढ्नु र असफल हुनुको एउटा कारण यो पनि हो ।



**- सेतेमान तामाङ**

प्रधानमन्त्री वा मन्त्रीले ठाडो निर्देशन दिनेभन्दा पनि नीतिगत निर्णय गरी कार्यान्वयन गराउन निर्देशन दिने हो । निर्देशन दिनु सामन्ती संस्कारको निरन्तरता र सस्तो लोकप्रियताको लागि बुनेको षड्यन्त्र हो । समस्या राज्यको संयन्त्रभित्र छ, निर्देशनले समस्याको समाधान हुन सक्दैन ।



**- प्रमोद तण्डन**

प्रधानन्यायाधिशलाई महाभियोग लगाउँदा, नजरबन्द गर्दा र कुनै प्रक्रिया बिना अनन्त कालसम्म निलम्बनमा राख्दा न्याय भयो भन्दै हर्षित हुनेहरूको पछिल्लो दिनमा न्यायालयप्रति अचानक चिन्ता बढेको देख्दा ताजुब लाग्छ । व्यक्तिको रिस संस्थालाई पोख्दाको परिणाम आकंलनमा कमजोरी जस्तो देखियो ।



**- च्यवन घिमिरे**

भटाभट र फटाफट निर्देशनका लाम र चाङ्ग लाग्दैछन् । निर्देशनका मामिलामा ०४८ पछि मात्रै हामीले राजा र न्यायाधीशसमेत ३० कार्यकारी र तिनका मन्त्रीहरूका सार्वजनिक खपतका निर्देशन देखिभोगी सकेका छौं । आशा गरौं कार्यान्वयन र निरन्तर अनुगमन हुनेछ । नत्र देखाउने र चपाउने दाँतको बारेमा नेपालीलाई थाहै छ ।



**- सुर्यराज आचार्य**

दलका शीर्ष भनिएका नेताहरूको तहमा पारस्परिक अविश्वास, बैमनश्यता र असहिष्णुता उच्च बिन्दुमा पुगेको छ । देश उनीहरूले एकअर्काविरुद्ध चलाउने तरवारको ' अचानो' बनेको छ । बाहिरिया शक्तिको चलखेल त निरन्तर छ । एकअर्कालाई 'सिध्याउने' उनीहरूको एक शुत्रीय अभियानले देश/राजनीतिलाई कता पुऱ्याउला ?

# ओझेलमा वैदेशिक रोजगार आईपीओ

विचार



● सन्तोष श्रेष्ठ

> *करिब तीन दशकको वैदेशिक रोजगार इतिहासमा गत २०७९ भाद्र २७ सोमबारको मन्त्रिपरिषदले वैदेशिक रोजगारमा गएका नेपालीहरूलाई यथासक्य छिटो शेयरको प्राथमिक बजारमा आरक्षण दिने गरी पेश गरिएको नियमावली पास गरेको छ । यस अगाडी सरकारले वैदेशिक रोजगार ऋण पत्र पनि समय-समयमा जारी गर्दै आएको पाइन्छ, तर त्यसको फलदायी सफलता भने भएको देखिँदैन । वैदेशिक रोजगारमा गएका कामदार हरूलाई यसबारेमा पर्याप्त जानकारी छैन ।*

जब देशलाई समग्र आर्थिक संकटको परिस्थिति आइपर्दछ तब मात्र वैदेशिक रोजगारमा गएका युवाहरु र तिनको विप्रेषणको महत्व र योगदानको सम्झना गरिन्छ । इतिहासका विभिन्न कालखण्डहरुमा कोभिड-१९ पछि फेरि देशले झेलेको आर्थिक तरलता अभावमा पुनः वैदेशिक रोजगारीलाई समग्र देशको अर्थव्यवस्थामा सन्तुलन कायम गर्न सम्झने प्रयास गरेको हो । तीतो सत्य र कटु यथार्थ यो छ कि खाडी, कोरिया, मलेसियाजस्ता देशहरुमा वैदेशिक रोजगारीमा गएका कर्मशील युवाहरुले जति देश र जनताका लागि योगदान दिएका छन् त्यति नै शैक्षिक अध्ययनका लागि ठूलो धनराशी लगानी गरेर जापान, अष्ट्रेलिया, युरोप, अमेरिका जस्ता समृद्ध देशमा विदेशिएका विद्यार्थीहरुबाट लगानीअनुसारको प्रतिफल राज्यले पाउन सकेको छैन ।

करिब तीन दशकको वैदेशिक रोजगार इतिहासमा गत २०७९ भाद्र २७ सोमबारको मन्त्रिपरिषदले वैदेशिक रोजगारमा गएका नेपालीहरुलाई यथासक्य छिटो शेयरको प्राथमिक बजारमा आरक्षण दिने गरी पेश गरिएको नियमावली पास गरेको छ । यस अगाडी सरकारले वैदेशिक रोजगार ऋण पत्र पनि समय-समयमा जारी गर्दै आएको पाइन्छ, तर त्यसको फलदायी सफलता भने भएको देखिँदैन । वैदेशिक रोजगारमा गएका कामदारहरुलाई यसबारेमा पर्याप्त जानकारी छैन । २०७९ कार्तिक १७ लागु हुने गरी निर्देशिका लागु भएसँगै अबदेखि आईपिओ जारी गर्ने कम्पनीले १० प्रतिशत सेयर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा रहेका नेपालीहरुका लागि छुट्याउनु पर्नेछ । यसको शुरुवात कालिन्चोक दर्शन लिमिटेडबाट भएको छ ।

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदार वा रहेका कामदारहरुले यसको भरपुर फाइदा लिनुपर्ने अवस्था छ । यद्यपि अझ पनि राज्यका सरोकारवाला पक्षहरुले गम्भीररूपमा लिएका छैनन् । केही टाठाबाठा बाहेक अधिक कामदारहरुलाई अझ पनि यसबारेमा पूर्ण ज्ञान छैन । विशेष गरेर अभिमूखिकरण तालिममा यसको छुट्टै कक्षा वा प्रशिक्षणको टड्कारो खाँचो देखिन्छ । ताकि कुनै पनि कामदारहरुले यो अवसरबाट बञ्चित हुन नपरोस् । जुन राज्यलाई लगाएको गुनको प्रतिफलको आधार पनि हो ।

### विदेशमा बसेर कसरी आईपीओमा सहभागी हुने ?

वैदेशिक रोजगारमा रहेका तर, प्राथमिक सार्वजनिक निस्कासन (आईपीओ) भर्न इच्छुक नेपाली युवाहरुले नेपाल सरकारले सुरक्षित गरेको कोटामा अब त्यहाँ रहेर पनि आईपीओ भर्न सक्नेछन् । सोको लागि अनिवार्य शर्तहरु पनि छन् ।

१. बैंकमा सम्बन्धित व्यक्तिको रेमिटान्स खाता खोलिएको हुनुपर्दछ ।
२. मेरो शेयर तथा डिम्याट खाता खोलिएको हुनु पर्दछ।
३. बैंकले उपलब्ध गराउने सि.आर.एन.नम्बर सुरिक्षत हुनुपर्दछ ।
४. दोस्रो बजारमा जानका लागि ब्रोकरबाट नेप्सेकोड लिएको हुनुपर्दछ ।
५. बार्षिक रूपमा मेरो शेयर तथा डिम्याट शुल्क नविकरण र बैंक खाता सक्रिय हुनुपर्दछ ।
६. कामदारहरुले स्मार्ट फोनको प्रयोग वा इमेलको प्रयोग गर्न राम्ररी जानेको हुनुपर्दछ ।
७. अनलाइन बैंकिङ्ग सुविधा र प्रयोगमा अनुभवि हुनुपर्दछ ।

### थाहा पाउनुपर्ने शर्तहरु

१. श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको हुनुपर्ने ।
२. आरक्षित कोटामा आवेदन गर्न पछिल्लो छ महिनामा कम्तीमा ५० हजार रुपैयाँ सम्बन्धित व्यक्तिले आफुँ कार्यरत रहेको मुलुकबाट नेपालको रेमिटान्स बैंक खातामा रकम जम्मा गरेको वा कारोबार भएको हुनुपर्ने शर्त रहेको छ । रेमिटान्स बैंक खाता भन्नाले श्रम स्वीकृति लिँदा पेश भएको बैंक खाता सम्झनु पर्नेछ ।
३. वैदेशिक रोजगारमा रहेकाले डिम्याट खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान (केवाइसी) विवरण रुजु गराउनु पर्ने छ । डिम्याट खातासँग लिंक गराउनु पर्ने हुन्छ ।
४. उनीहरुले सी.आर.एन. नम्बर (सिआश्वा) पनि विद्युतीय माध्याममार्फत लिन सक्ने व्यवस्था गरिएको छ । आश्वा सदस्य रहेको सम्बन्धित खाता रहेको बैंकले उपलब्ध गराउने यो नम्बर आईपिओ भरेपछि सो बराबरको रकम बैंक खातामा होल्ड गराउँछ । सो बापत बैंकले तोकिएको सेवा शुल्क लिन्छ ।
५. आरक्षण कोटामा आईपिओ भरे पछि पुनः सर्वसाधरणलाई आवह्न गरिएको कोटामा भर्न पाउने छैन ।
६. विद्यार्थी भिषामा गएका वा स्थायीरूपमा विदेशमा बस्ने नेपालीहरुलाई भने यो सुविधा उपलब्ध छैन ।
७. नो लकिङ्ग पिरियड यसमा प्रमोटर वा स्थानीयहरुका हकमा जस्तो तीन वर्ष बेच्न मिल्दैन ।
८. अनलाइन माध्यामबाट वा सम्बन्धित देशमा बैंकका शाखाहरुबाट पनि यो सुविधा लिन सकिन्छ ।

हालसम्म एक दर्जनभन्दा बढी कम्पनीहरुले निकालेका आइपिओहरुमा यस्ता लगानीकर्ताहरुको अपेक्षित सहभागिता देखिएन, कारण र कारक तत्वहरुको सुक्ष्म अध्यायन हुनु जरुरी छ । देशलाई गुन लगाउनेहरु प्रति राज्यको दायित्व सधैं सकारात्मक देखिनु पर्दछ । यसमा सुधारका आवश्यकता छ तर, सोभन्दा बढी जागरूपता र चेतना बृद्धिको महत्व धेरै छ ।

## तपाईको राशिफल

- **मेष** : घरेलू जिम्मेवारी बढ्नेछ, आर्थिक पक्ष मजबूत हुने देखिन्छ ।
- **वृष** : घरेलू कार्यमा अनावश्यक खर्च हुने योग छ । विरोधी सक्रिय रहन्छन् ।
- **मिथुन** : सरकारी सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा ध्यान दिनुहोला ।
- **कर्कट** : सन्तान सुख प्राप्त हुन्छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
- **सिंह** : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ ।
- **कन्या** : कुनै पनि कार्यमा हतार नगर्नु होला । बाहन सावधानी राख्नुहोला ।
- **तुला** : राजनीतिक कार्यमा रूकावट आउनसक्छ । नयाँ सम्बन्ध बन्नेछ ।
- **वृश्चिक** : बाहन चलाउँदा सावधानी राख्नुपर्छ । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- **धनु** : सभा समारोहमा सहभागी हुनुपर्नेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- **मकर** : तनाव बढ्नेछ र सामाजिक कार्यहरूमा वृद्धि हुनेछ ।
- **कुम्भ** : भाई-बहिनीको सहयोग प्राप्त हुनेछ । पदोन्नति हुने योग छ ।
- **मीन** : मुद्दा मामिलामा सफलता मिल्छ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# १५ चरणको मतदानपछि अमेरिकामा सभामुख चयन



**काठमाडौं/एजेन्सी–** १५ चरणको मतदानपछि अमेरिकी संसदको तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सले सभामुख पाएको छ । रिपब्लिकन पार्टीका केभिन मेकार्थी सभामुख चुनिएका हुन् । सभामा रिपब्लिकन पार्टीको बहुमत हुँदाहुँदै पनि उनलाई निर्वाचित हुन ठूलो संघर्ष गर्नुपर्यो । आफ्नै पार्टीका सांसदहरुले मत नदिँदा चार दिनसम्म पटकपटक उनको प्रयास असफल भएको थियो ।

चौधौं चरणको निर्वाचनपछि मेकार्थीका समर्थक सांसद र विपक्षी सांसदहरुबीच झण्डै कुटाकुट भएको थियो । शुक्रबार मेकार्थीलाई मत नदिने अडान राखेका ६ जनाले आफ्नो अडान छाडेपछि उनको चुनाव सम्भव भएको हो ।

अमेरिकी तल्लो सदनमा सभामुखले सदनको एजेन्डा तय गर्नुका साथै व्यवस्थापिकाको कामकारबाहीको नेतृत्व गर्ने गर्छन् ।

त्यस्तै, उपराष्ट्रपतिपछि राष्ट्रपतिको रोलक्रममा सभामुख दोस्रो स्थानमा हुने गर्छन् । यसअघि अमेरिकी संसदमा यस्तो गतिरोध गृहयुद्धअघि १८६० मा देखिएको थियो । जुनबेला ४४ चरणको मतदानपछि सभामुख चयन भएका थिए ।

राष्ट्रपति बाइडनले नयाँ सभामुखलाई बधाई दिँदै आफू रिपब्लिकनहरुसँग मिलेर काम गर्न तयार रहेको बताएका छन् । यसअघि रिपब्लिकनहरुले सार्वजनिक रुपमा नै बाइडन, उनको प्रशासन र पारिवारिक व्यवसायका लेनदेनहरुमा छानबिन गर्ने बताएका थिए । तर सभामुख चुनिएको पहिलो दिन ह्वाइट हाउसबाट न्यानो शब्दमा सहकार्यको प्रस्ताव सार्वजनिक भएको छ । ह्वाइट हाउसले सार्वजनिक गरेको विज्ञप्तिमा बाइडनले केही समय पहिले मिडटर्म निर्वाचनमार्फत मतदाताहरुले रिपब्लिकनहरुलाई आफूसँग मिलेर काम गर्ने अपेक्षा राखेको बताए ।

पछिल्लो गतिरोधले संसद्का कतिपय महत्वपूर्ण जिम्मेवारी जस्तै समितिहरुको गठन र नयाँ सदस्यहरुको शपथग्रहण प्रभावित बनाएको थियो । सभामुखलाई संसद्को बैठकको अजेण्डा तय गर्ने र विधायीकी जिम्मेवारीको सुपरिवेक्षण गर्ने अधिकार हुन्छ । राष्ट्रपति र उपराष्ट्रपतिपछिको मर्यादाक्रममा यो पद रहने गरेको छ ।

यसैबीच केभीन मेकार्थीलाई सभामुख चयन गरिएपछि सदनका डेमोक्र्याट सदस्यहरुले रिपब्लिकन दलभित्रको अतिवादी खेमामा शक्ति पुगेको टिप्पणी गरेका छन् ।

ट्विटरमा क्यालिफोर्नियाका प्रतिनिधि एरिक स्वालवेलले लेखेका छन्, 'दुई वर्षअघि चरमपन्थीहरु संसद् भवन नियन्त्रणमा लिन विफल भएका थिए ।

# विमानमा यात्रुमाथि पिसाब गरेको आरोपमा एक भारतीय पक्राउ

**काठमाडौं/एजेन्सी–** एयर इन्डियाको विमानमा सहयात्रीमाथि पिसाब गरेको आरोपमा अमेरिकी बैंकिङ कम्पनी वेल्स फार्गोका बर्खास्त कार्यकारीलाई पक्राउ गरिएको प्रहरी प्रवक्ताले शनिबार जानकारी दिएका छन् ।

गत नोभेम्बर २६ मा न्युयोर्कबाट नयाँ दिल्ली जाने क्रममा रक्सीको नशामा डुबेका मिश्रले आफ्नो पाइन्ट खोलेर बिजनेस क्लासमा बसेकी ७२ वर्षीया महिलामाथि पिसाब गरेको आरोप लागेको थियो ।

गत नोभेम्बरमा भएको घटनाबारे एक वृद्धाले एयरलाइन्सको व्यवस्थापनलाई जानकारी गराएपछि बैंकको भारतीय कारोबार सेवाका पूर्व उपाध्यक्ष शंकर मिश्र प्रशासनबाट फरार रहँदै आएका थिए ।

भारतीय सञ्चारमाध्यमका अनुसार मिश्रले आफ्नो फोन स्विच अफ गरेका थिए तर सामाजिक सञ्जालमा आफ्ना साथीहरुसँग सम्पर्कमा रहँदै आएका थिए । उनले भारतको बैंग्लोरमा क्रेडिट कार्डबाट रकम लेनदेन पनि गरेको पाइएको थियो । यिनै प्रमाणका आधारमा उनलाई प्रहरीले पक्राउ गर्न सफल भएको थियो ।

उनलाई राजधानी नयाँ दिल्ली ल्याई आरोपहरुको अनुसन्धान गरिने प्रहरीले जनाएको छ । दिल्लीका एक प्रहरी प्रवक्ताले मिश्रलाई पक्राउ गरिएको पुष्टि गर्दै एएफपीसँग अन्य विवरण प्रहरी अनुसन्धानपछि प्राप्त हुने बताएका थिए । वेल्स फार्गोले आफ्ना कर्मचारीलाई शुक्रबार नै बर्खास्त गरिएको बताएको छ ।

## Invitation for Bids

# Bangad Kupinde Municipality
# Office of the Municipal Executive
**Devasthal, Salyan**
**Karnali Province, Nepal**

**First Date of Publication : 2079/09/24 (08th January 2023)**

1. Bangad Kupinde Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Following Projects.

| S. N. | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost (Excluding VAT) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BAKUNAPA /NCB/WORKS -10-2079/080 | Construction of Dhorpipal -Thapachaur Road | 3,000.00 | 85,03,842.13 | 2,50,000.00 | Electronic bids only |
| 2 | BAKUNAPA /NCB/WORKS -11-2079/080 | Construction of Nagarpalika Mukam-Tarupare-Siddhagufa -Satipole-Deuli Road | 3,000.00 | 1,70,00,453.14 | 5,00,000.00 | Electronic bids only |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bangad Kupinde Municipality Devsthal, Salyan ***088-411060*** may visit PPMO website ***www.bolpatra.gov.np/egp***. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office.
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Website ***www.bolpatra.gov.np./egp***. Bidders submitting their bid electronically should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher, Company/firm registration certificate, tax clearance fee 2078/079 and VAT/PAN Registration shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in bank.

| | |
|---|---|
| **Name of the Bank** | **Laxmi Bank Limited, Sallibazar Branch** |
| **Name of Office** | **Bangad Kupinde Municipality** |
| **Office Code no** | **80106112** |
| **Office Account no (Rajaswa)** | **06903000017** |
| **Office Account no (Dharauti)** | **06903000169** |
| **Rajaswo (Revenue) Shirsak no.** | **33114** |

4. electronic bids must be submitted to Bangad Kupinde Municipality Devasthal, salyan office through PPMO website ***www.bolpatra.gov.np/egp*** on before 2079/10/24 at 12:00 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2079/10/24 at 13:00 the office of Bangad Kupinde Municipality Office Devsthal, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in (.pdf) format, which shall be valid for 30 days beyond the validity period of the bid 2080/02/27.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

**Chief Administrative Officer**


## मेगा बैंक नेपाल लिमिटेडको
## बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०७९/०९/२४)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणीहरु, जमानीकर्ताहरू समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणीहरु तथा जमानीकर्ताहरू लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरूको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/१०/०९

**बोलपत्र खोलिने मिति**
२०७९/१०/१० दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | धितो कर्जा | **१) ऋणी : मनोज ठाकुर**<br>(ना.प्र.नं. ३/८१३१, मिति २०५५/०१/०४ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>ठेगाना : का.म.न.पा. ३२, काठमाडौं<br>बाबु : यमुन प्रसाद ठाकुर<br>बाजे : रामजस ठाकुर<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. कु. उर्मिला ठाकुर**<br>(ना.प्र.नं. ३८१०४३, मिति २०२९/११/२१ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको)<br>पति : यमुन प्रसाद ठाकुर<br>ससुरा : रामजस ठाकुर<br>**२. गीताञ्जली ठाकुर**<br>(ना.प्र.नं. १७१०४९/३४७, मिति २०६९/११/१३ मा जि.प्र.का. धनुषाबाट जारी भएको)<br>पति : मनोज ठाकुर<br>ससुरा : यमुन प्रसाद ठाकुर<br>**(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)**<br>**(प्रकाशित मिति २०७९/०४/२६)**<br>**(नागरिक राष्ट्रिय दैनिक)** | १. मनोज ठाकुरको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पइसरी गा.वि.स./न.पा. वडा नं. ०१ (क) स्थित कि.नं. १४८९ (८४.६६ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. मनोज ठाकुरको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पइसरी गा.वि.स./न.पा. वडा नं. ०३ (क) स्थित कि.नं. १०१५ (३०४.७८ व.मी.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | <br>**मनोज ठाकुर**<br><br>**कु. उर्मिला ठाकुर**<br><br>**गीताञ्जली ठाकुर** |
| २. | विविध कर्जा | **२) ऋणी :**<br>**माँ भवानी ट्रेडर्स इन्टरप्राइजेज**<br>प्रा.फ.र.नं. : १५०२३४/०७६/७७<br>ठेगाना : का.म.न.पा. १८, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. निर्जला रुचाल (रौनियार)**<br>(ना.प्र.नं. ६६१०१४/१५५१ बाँके, मिति २०७०/१२/०६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : सुनिल कुमार रौनियार<br>ससुरा : गोपाल रौनियार<br>**२. गोपाल रौनियार**<br>(ना.प्र.नं. १६०३१८८३९८, मिति २०४४/१२/२८ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : हिरालाल रौनियार<br>बाजे : डोमा साह रौनियार<br>**३. सुनिल कुमार रौनियार**<br>(ना.प्र.नं. ३४१०२२/६६१०, मिति २०६६/०१/१३ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गोपाल रौनियार<br>बाजे : हिरालाल रौनियार<br>**४. सुरज कुमार रौनियार**<br>(ना.प्र.नं. ३४-०१-६९-०५२३६, मिति २०६९/१०/२६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : गोपाल रौनियार<br>बाजे : हिरालाल रौनियार<br>**५. सिता देवी**<br>(ना.प्र.नं. २१५६, मिति २०४६/०३/०४ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : गोपाल रौनियार<br>ससुरा : हिरालाल रौनियार<br>**(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)**<br>**(प्रकाशित मिति २०७९/०८/१३)**<br>**(अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक)** | गोपाल रौनियारको नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कि.नं. १९ (९२.०० व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | <br>**निर्जला रुचाल (रौनियार)**<br><br>**गोपाल रौनियार**<br><br>**सुनिल कुमार रौनियार**<br><br>**सुरज कुमार रौनियार**<br><br>**सिता देवी** |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट : विस्तृत जानकारीको लागि यस मेगा बैंक नेपाल लिमिटेडको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, राईजिङ्ग मल, कमलादी, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९**
**फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेवसाइट: www.megabanknepal.com**

# बक्स अफिस समाचार



# ‘पैसालाई भन्दा प्रतिभालाई अवसर दिनुपर्छ’

उच्च शिक्षाका साथै रंगिन सपना बोकेर केही वर्ष पहिले उदयपुरबाट सपनाको शहर काठमाडौं भित्रिएकी फरिता खड्का अहिले मोडलिङ र म्युजिक भिडियोमा छाइरहेकी छन् । ठुलो पर्दाको नायिका बन्ने चाहनासँगै एक्टर स्टुडियोमा अनुप बरालसँग अभिनयको प्रशिक्षण लिइरहेकी खड्का पद्मकन्या क्याम्पसमा नृत्य विषय लिएर ब्याच्लर अध्ययनरत छिन् । दर्जनौं म्युजिक भिडियो र र्‍याम्प मोडलिङमा आफ्नो कलाकौशल पस्किसकेकी फरिता खड्काले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

> अफर आएजति भिडियो गरेको भए चार दर्जन नाघ्थ्यो होला । तर, शुरुबाटै सेलेक्टेड भिडियोमात्र गर्दै आएकी कारण दुई दर्जन जति भयो । थोरै होस् राम्रो काम होस् भन्ने मेरो मान्यता हो ।

● **फरिता खड्का, मोडल**

**ताजा गतिविधि के छ त ?**

नृत्यमा त म राम्रै गर्छु भन्ने विश्वास लाग्छ । एक्टर स्टुडियोमा अनुप बराल सरसँग अभिनयको प्रशिक्षण लिइरहेकी छु । अहिले म सिकारु अवस्थामै छु । सिकेर-बुझेर राम्रै देखिने खालको काम गरौं भन्ने हेतुले केही समययता थिएटर जोइन गरेकी हुँ ।

**मोडलिङमा शुरुवात कसरी भयो ?**

स्कुल पढ्दादेखि नै कलाकारितामा मेरो रुची थियो । तर त्यतिबेला सम्भव भएन । उच्च शिक्षाको लागि काठमाडौं आएपछि बिस्तारै मोडलिङमा संलग्न व्यक्तिहरुसँगको संगतले यस क्षेत्रमा प्रवेश गर्न सहयोग मिल्यो । मेरो रुची पनि मोडलिङ र चलचित्रमा थियो ।

**आर्थिकरुपले यो क्षेत्र कस्तो छ ?**

कुनै पनि क्षेत्रमा काम गर्दा पहिले त आफूसक्षम हुनु जरुरी छ । आफ्नो कामबाट आम दर्शकलाई प्रभावित बनाउन सक्नुपर्छ, अनिमात्र आर्थिक पाटो सवल बन्दै जाने हो । यतिबेला म संघर्षको दौरानमा रहेकोले जति पनि काम गरेकी छु पकेटमनीको आवश्यकता परेको छैन ।

**कलाकारिता रोज्नुको कारण ?**

मोडलिङ क्षेत्र आफैंमा एउटा राम्रो र सम्भावना बोकेको क्षेत्र हो, जहाँबाट एउटा कलाकारले राम्रो अवसर पाउने माध्यम हो, अभिनय र नृत्य विधामा राम्रा सम्भावना बोकेका कलाकारहरुले यसैको माध्यमबाट विभिन्न अवसरहरु पनि पाइरहेको हुन्छन् भने देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाइरहेका हुन्छन् । त्यसैले पनि होला नयाँ पुस्ताका युवा, युवतीहरु कला क्षेत्रमा बढी आकर्षित हुने गरेको । वास्तवमा कलाकारतिमा एउटा रहरमात्र होइन, जहाँ गर्न सके नाम र दाम दुबै कमाउन सकिन्छ । त्यसैले पनि मोडलिङ वा कलाकारितालाई धेरैले आफ्नो रुची र इच्छाको रुपमा लिने गरेको पाइन्छ । त्यसैले कलाकारिता प्रति आकर्षित भएकीमात्र होइन म यसैको लागि जन्मेकी हुँ जस्तो लाग्छ ।

**कति भिडियो गर्नुभयो अहिलेसम्म ?**

अफर आएजति भिडियो गरेको भए चार दर्जन नाग्थ्यो होला । तर, शुरुबाटै सेलेक्टेड भिडियोमात्र गर्दै आएकी कारण दुई दर्जन जति भयो । थोरै होस् राम्रो काम होस् भन्ने मेरो मान्यता हो ।

**तपाईंको चाहना चलचित्रमा जम्नु हो ?**

मोडलिङको माध्यमबाट चलचित्रमा छलाङ मार्नु नै मेरो मुख्य लक्ष्य हो । तर चलचित्रमा काम गर्नु अगाडि अभिनयबारे सिकेर बुझ्न खोज्दैछु । अहिले म्युजिक भिडियोमा काम गर्नुको कारण पनि त्यही हो ।

**अहिलेसम्म चलचित्रको अफर आएको छैन ?**

अफर त थुप्रै आउँछन् । तर चित्त बुझ्दो ब्यानरबाट आवस् भन्ने चाहना हो । यतिबेला कम चलचित्र बनिरहेको अवस्था छ ।

पहिलो गाँसमै ढुंगा पर्‍यो भने त हामी जस्तो नयाँलाई अगाडि बढ्न कठिन हुन्छ । त्यसैले राम्रो टिमसँग मात्र काम गर्ने सोच बनाएकी छु । निर्माता, निर्देशकले उसको पैसालाईभन्दा प्रतिभालाई अवसर दिनुपर्छ । निर्माता, निर्देशकले चलचित्रमा कामको लागि सल्लाह गर्न भनेर बोलाउनु हुन्छ, लाष्टमा आर्थिक सहयोग गर्न र मिलेर काम गरौं भन्नु हुन्छ ।

**चलचित्रका चलेका कलाकारहरु नै म्युजिक भिडियोमा देखिन थालेका छन् नि ?**

कोभिडका कारण नेपाली चलचित्र उद्योग ठप्प जस्तै छ । एकाध चलचित्रको काम भइरहेको छ । त्यसैले चलचित्रका कलाकार यतिबेला म्युजिक भिडियोमै आश्रित रहेका छन् । चलचित्रका कलाकार म्युजिक भिडियोमा आएपछि हामीहरू जस्ता व्यावसायिक म्युजिक भिडियोका मोडललाई केही असर परेको छ ।

**कुन गीतको भिडियोबाट मोडलिङ शुरु गर्नुभएको हो ?**

मिनसागर लामाको निर्देशनमा बनेको ‘जिउको लुगा’ बोलको गीतको भिडियोबाट मोडलिङ शुरु गरेकी हुँ । नृत्य प्रधान यो गीत बजारमा आएपछि मलाई थोरै भएपनि दर्शकमाझ चिनिने मौका मिल्यो र त्यसपछि म्युजिक भिडियोलाई नै निरन्तरता दिँदै आइरहेकी छु ।

**र्‍याम्प सो पनि गर्नु हुन्छ होइन ?**

म्युजिक भिडियोमा आउनु भन्दा पहिले म र्‍याम्पमा फेसन मोडलिङ गर्थें ।

झण्डै दुई वर्षसम्म फेसन सोमा मोडलिङ गर्ने क्रममा र्‍याम्प कोरियोग्राफी पनि गरें । काठमाडौंको नेपाली चुलोमा सम्पन्न भ्यालेन्टाइन फेसन सोको पहिलो कोरियोग्राफी गरेसँगै आधा दर्जन जति विभिन्न फेसन शोमा कोरियोग्राफी गर्ने अवसर मिल्यो ।

**कस्तो खालको गीतमा अभिनय गर्न रुचाउनु हुन्छ ?**

नृत्यप्रति अलि बढी झुकाव भएका कारण मलाई नृत्य प्रधान गीतमा अभिनय गर्न विशेष मन पर्छ । तथापि कलाकार भएको नाताले सबै प्रकारको गीतमा अभिनय गर्न सक्ने क्षमता हुनुपर्छ भन्ने मेरो मान्यता छ । आफ्नै कुरा गर्नुपर्दा मलाई स्कुले विद्यार्थी, गाउँले युवती वा गृहणी र शहरीया मोडर्न युवती जस्तो लुक्समा पनि प्रस्तुत गर्न सक्नुहुन्छ र मलाई सुहाउँछ पनि ।

**भविष्यको लक्ष्य ?**

भविष्यमा चर्चित भन्दा पनि कुशल मोडल तथा नायिका बन्ने चाहना छ ।

## दोस्रो नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड हुँदै




**काठमाडौं/मस-** अनुराधा फिल्म्स इन्टरनेस्नल प्रा.लि.को आयोजनामा ‘दोस्रो नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड-२०७९’ माघ ६ गते शुक्रबार चलचित्र विकास बोर्डको प्रेक्षालयमा हुने भएको छ । विगत एक वर्षदेखि हुँदै आएको नेपालमा पहिलो पटक सौन्दर्यकर्मीहरु, फेसन मोडल तथा फेशन डिजाईनरहरुको लागि दोस्रो नेपाल ब्युटिसियन एण्ड फेसन अवार्ड-२०७९ यस वर्ष पनि हुने भएको हो ।

सुन्दरताको क्षेत्रमा योगदान पुर्‍याएका पार्लर, ब्युटी ट्रेनीङ सेन्टर, सौन्दर्य व्यवसायसँग आवद्ध सम्पूर्ण विधा-मेकअप, हेयर, नेल, फेसियल लगायत अन्य विधा, कस्टमेटिक प्रोडक्ट, कस्टमेटिक कम्पनी, फेसन मोडल र फेसन बुटिकलाई अवार्ड तथा सम्मान गरिने आयोजक कमिटीका संयोजक सुर्य चन्दले जानकारी गराएका छन् ।

सौन्दर्यकला क्षेत्र अहिले हरेक व्यक्तिका लागि अपरिहार्य भैसकेको हुँदा नेपाली सौन्दर्यकला व्यवसायलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुर्‍याउन तथा सौन्दर्यकर्मीहरुको पेशालाई सम्मान गर्दै उनीहरुको काम र व्यक्तित्वलाई निखार्दै नेपालमा बढदै गइरहेको सौन्दर्यकलाप्रतिको लगावलाई व्यवस्थित गर्ने र पार्लर व्यवसायहरुलाई छुट्टै उचाइमा पुर्‍याउन र ब्युटिसियन अवार्डको महत्वलाई अझ फराकिलो बनाउँदै सम्पूर्ण सौन्दर्यकर्मीहरुको मनोबललाई उच्च बनाई पार्लर तथा कस्टमेटिक व्यवसायलाई उद्योगको रुपमा स्थापना गर्ने हेतुले यस अवार्ड आयोजना गर्न शुरु गरिएको हो ।

अवार्डमा सौन्दर्यकला क्षेत्रमा उच्च योगदान पुर्‍याएका सौन्दर्यविद्, सौन्दर्यकर्मी, समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरुलाई सम्मान गरिने छ भने सौन्दर्यकला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने आयोजक संस्थाले जनाएको छ । कार्यक्रममा विशिष्ठ कलाकार, समाजसेवी, संचारकर्मी लगायतका व्यक्तित्वहरुको उपस्थिति रहने छ ।

## ‘नम्बरी सुन’मा विनोद अनुबन्धित

**काठमाडौं/मस-** राजु गिरीको निर्देशनमा निर्माण हुने सिनेमा ‘नम्बरी सुन’मा अभिनेता विनोद न्यौपाने अनुबन्धित भएका छन् । निर्माणको न्यौपानेसङ बिहीबार लिखित सम्झौता भएको हो ।

माघ २० गतेबाट फ्लोरमा जाने सिनेमामा गौरव नम्रता विनोदको अलवा सरोज खनाल, बुद्धि तामाङ, राजाराम पौडेल सविन बास्तोला, गीता अधिकारी, स्मृती वली लगायतमा कलाकारको अभिनय रहनेछ । ‘नम्बरी सुन’ झण्डै ७० वर्ष अगाडिको ऐतिहासिक सामाजिक कथामा निर्माण हुन लागेको चलचित्र हो ।

सिनेमाबाट लामो समयपछि द्वन्द्व निर्देशक राजेन्द्र खड्गी कमब्याक गर्दैछन् ।


## साउदीमा रोजगार

कम्पनी: ANIMAL STAR PETS FOUNDATION
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०९/२१ | चलानी नं.: ६०१९४५१२ | LT. No.: 278966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,१०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ माघ १ गते (15 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की ओभरसिज प्रा. लि.**
LUCKY OVERSEAS
धोबिघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६

## ओमनमा रोजगार

कम्पनी: AL SHIBAK PLAINS
शहर: Oman, Ibra

पुर्व स्वीकृत मितिः २०७९/०९/२२ | चलानी नं.: ६०१९४५२० | LT. No.: 278986

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreign Food Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५१,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 140 | ४८,५०९ | | | | | | | |
| 3. | Sandwich Maker | 1 | 0 | | 140 | ४८,५०९ | | | | | | | |
| 4. | Waiter Coffee Shop | 1 | 0 | | 140 | ४८,५०९ | | | | | | | |
| 5. | Juice Maker | 1 | 0 | | 140 | ४८,५०९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १ गते (15 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Well Growing Recruitment (P.) Ltd.**
WELL GROWING RECRUITMENT PVT. LTD.
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal
Phone: 01-5916635 | www.wellgrowingrecruitment.com.np
email :- info@wellgrowingrecruitment.com.np
श्रम इजाजत नं. १५१३/०७४/०७५
Mobile: 9866550748, 9842149452 , 9803138780, 9851275432, 9851130173, 9851149772


Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development

**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**

Kailali

## Invitation for Bids

**First Date of publication: 8 January, 2023 (2079/09/24)**

1. Infrastructure Development Office, Kailali invites electronic bids from eligible bidders for the Contracts given in the following table under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. The details of the Project are as following.

| SN | Contract ID No | Project Name | Minimum Work Experience of Similar Size & Nature: Single Entity or All Partners Combined in case of JV | Bid Document Fee, NRs | Average Annual Construction Turnover (AACT),NRs |
|---|---|---|---|---|---|
| 1 | IDOKAILALI/W/NCB/79/80-28 | Construction & Upgrading work of Kailali Pul Dekhi Dhangadhi 8 Hulaki Sadak ko Zero Point Samma Sadak | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Bituminous Road Construction Contract with in the last ten (10) years, with a value of at least NRs 29,52,20,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works. | 20,000.00 | 36,90,24,000.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.

**IDO Chief, Kailali**

# संकटालाई आहा रारा पोखरा गोल्डकपको उपाधि




काठमाडौं/मस– फाइनलमा शनिबार अमेरिकाको भुटनीज युथ एसीलाई हराउदै संकटा क्लबले २२ औं आहा रारा पोखरा गोल्डकपको उपाधि जितेको छ । पोखरा रंगशालामा सम्पन्न रोमाञ्चक खेलमा संकटाले भुटनीज युथलाई अतिरिक्त समयमा ३–२ ले पराजित गर्दै दोस्रो पटक उपाधि जितेको हो ।

संकटाले यसअघि २०७७ सालमा पहिलोपटक आहा रारा गोल्डकपको उपाधि जितेको थियो । खेल अतिरिक्त समयमा पुग्नुअघि निर्धारित समयमा संकटा र भुटनीज युथले २–२ को बराबरी खेलेका थिए । त्यसपछि अतिरिक्त समयमा धकेलिएको खेलको ११७ औं मिनेटमा कप्तान सुनिल बलले गरेको गोल नै संकटाको जितमा निर्णायक बन्यो ।

यसअघि खेलको आठौं मिनेटमा सुरज जिउ ठकुरीले संकटालाई अग्रता दिलाएका थिए । खेलको ३५ औं मिनेटमा मेसुके ओलोमोउले संकटाको अग्रता दोब्बर बनाए । ३७ औं मिनेटमा भुटनीज युथका रिनी सान्तिलोनले गोल गर्दै खेललाई २–१ को स्थितिमा ल्याएका थिए । यस्तै, पहिलो हाफको इन्जुरी समयमा विली ग्रिफिथले हेडर गोल गर्दै भुटनीज युथलाई खेलमा फर्काएका थिए । यसपछि निर्धारित समयमा गोल हुन नसक्दा खेल अतिरिक्त समयमा धकेलिएको थियो ।

उपाधिसागै संकटाले १२ लाख रुपैयाा पुरस्कार प्राप्त गऱ्यो । यस्तै, उपविजेतामा चित्त बुझाएको भुटनीज युथले ६ लाख रुपैयाा पुरस्कार पायो । भुटनीज युथले पहिलोपटक आहा रारा गोल्डकपमा सहभागिता जनाएको हो । उपाधिसम्मको यात्रा तय गर्दा संकटाले क्वाटरफाइनलमा त्रिभुवन आर्मी फुटबल क्लबलाई ३–१ तथा सेमिफाइनलमा साविकको विजेता एपीएफ फुटबल क्लबलाई ४–१ ले हराएको थियो ।

यता भुटनीज युथले क्वाटरफाइनलमा मनाङ मर्स्याङ्दी तथा सेमिफाइनलमा चर्च ब्वाइज युनाइटेड फुटबल क्लबलाई समान १–० ले हराउदै पहिलोपटक फाइलनमा स्थान बनाएको थियो ।

यसैबीच संकटाका कप्तान सुनिल बल सर्वोत्कृष्ट खेलाडी चुनिए । संकटालाई उपाधि दिलाउन निर्णायक गोल गरेका सुनिल सर्वोत्कृष्ट चुनिएका हुन् । सर्वोत्कृष्ट चुनिएका सुनिलले टेल्जीको इलेक्ट्रिक स्कुटर टाइगर प्राप्त गरे । उनलाई टेल्जी नेपालका निर्देशक सञ्जिव शिल्पकारले स्कुटरको साचो हस्तान्तरण गरे ।

यस्तै प्रतियोगितामा संकटाका टिकेन्द्र थापा उत्कृष्ट गोलकिपर, भुटनीजका हेक्टर ओर्टेगा उत्कृष्ट डिफेन्डर, संकटाका आयुष घलान उत्कृष्ट मिडफिल्डर, संकटाकै स्टेफन बिनोङ उत्कृष्ट फरवार्ड र सल्याण खड्की उत्कृष्ट प्रशिक्षक चुनिए ।प्रतियोगितामा ४ गोल गरेका संकटाका मेसुके ओलेमोउ सर्वाधिक गोलकर्ता चुनिए । धरान एफसीले फेयर प्ले अवार्ड प्राप्त गऱ्यो । विधागततर्फ उत्कृष्ट हुनेले जनही २५ हजार र सर्वाधिक गोलकर्ताले २५ हजार प्राप्त गरे ।

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि E–BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।०९।२४**

यस उर्लाबारी नगरपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतिय बोलपत्र E–BID को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्रदाताहरुबाट यो ३० दिने सूचना मार्फत रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिलः**

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | रा./०४/०७९/८० | उर्लाबारी नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएका खोलानालाबाट उत्खनन् संकलन गरी बिक्री वितरण हुने ढुंङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला बिक्री मूल्य असुली । खोलाः सुनझोडा । | १३५०० (तेह्र हजार पाँच सय) | २४८९५७५।० | ७४६८५।० | ३०००। |
| २. | रा./०५/०७९/८० | उर्लाबारी नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएका खोलानालाबाट उत्खनन् संकलन गरी बिक्री वितरण हुने ढुंङ्गा, गिट्टी, रोडा, ग्राभेल, बालुवा, माटो (भरौटे र बलौटे) आदीको खोला बिक्री मूल्य असुली । खोलाहरुः बक्राहा, सोल्टी, नुनसरी । | ९९३५० (उनान्सय हजार तीन सय पचास) | १६२४३०६५।० | ४८७२९०।० | ३०००। |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## Devchuli Municipality
## Office of the Municipal Executive
**Pragatinagar, Nawalparasi (East)**

## Invitation for Bids

**First Date of publication: 2079/09/24 (2023-01-08)**

1. Devchuli Municipality invites bids under e-procurement system from eligible bidders for the construction of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Devchuli Municipality or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***
3. Hard Copy of bid shall not entertained, So Bidder who chooses to submit their bid should may download the bidding documents for e-submission from PPMO's Website ***www.bolpatra.gov.np./egp,***. Bidders, submitting their bid electronically should deposit the cost (as specified below) of bidding document in rajashwa shakha of municipality or the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   - **Name of the Bank : NIC ASIA BANK**
   - **Name of Office : DEVCHULI MUNICIPALITY**
   - **Office Code no. : Ga-1.1**
   - **Office Account no. : 0772050029165002**
   - **Rajaswa (revenue) Shirshak. : Aantrik Rajshwa Khata**
4. Pre-bid meeting shall be held in Devchuli Municipality, office of municipal executive at 2079-10-16, (2023-01-30), 1:00 pm.
5. Deadline of bid submission for above bids are:-2079-10-24 (2023-02-07) till 12:00 Noon.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079-10-24 (2023-02-07) at 1:00 pm at the office of Devchuli Municipality. Bids must be valid for a period of 90 days after bid opening and must accompanied by a scanned copy of the bid security in pdf format as described below which shall be valid for 30 days beyond the bid validity period. If the bidder wishes to submit the bid security in the form of cash shoul be depositrd in following account.
   - **Name of the Bank : NIC ASIA BANK**
   - **Name of Office : DEVCHULI MUNICIPALITY**
   - **Office Code no. : Ga-3**
   - **Office Account no. : 0772050029165007**
   - **Rajaswa (revenue) Shirshak. : Sthaniye taha Dharauti Khata**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Devchuli Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without asigning any reason, whatsoever.
9. Any provisions which are not mentioned in this notice will be consistent with ppa 2063, ppr 2064 e-gp system operating guideline 2073 and user manuals issued by ppmo and other prevailing nepalese laws.
10. The name and identification details of the contract are as follows:

| Contract no. | Description of Works | Estimated Amount (Without VAT NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid Document fee Non Re-fundable (NRs.) |
|---|---|---|---|---|---|---|
| DEV/NCB/ WORKS/ 03/2079-080 | Ringroad sadak khand antargat ka ward no. 06, 08 ra 12 ka 3 khand sadak kalopatre garne kary (aspalt) | 95,06,650.93 | 2,70,000.00 | 7th February, 12:00 Hours NST | 7th February, 13:00 Hours NST | 3,000.00 |

**Chief Administrative Officer**


## KUWAIT मा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः RAPID COMMERCE CENTRAL MARKET CO FOR FOODSTUFF शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०९/२३ चलानी नं.: ६०१९४५६२ LT. No.: 278931

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Bike Rider | 6 | 0 | स.काममा दक्ष | 135 | ५८,०७७ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | helper (Indoor) | 6 | 0 | | 85 | ३६,५६७ | | | | | | | |

२. कम्पनीः HANAN DASHTI HD LADIES BEAUTY SALON & INSTITUTE COMPANY शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०९/२३ चलानी नं.: ६०१९४५६३ LT. No.: 278762

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ६४,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Massage | 0 | 5 | | 150 | ६४,५३० | | | | | | | |
| 3. | Tailors | 10 | 0 | | 140 | ६०,२२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १ गते (15 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००।– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

## मलेसियामा रोजगार |

कम्पनीः OPC RESOURCES SDN BHD
शहरः Malaysia, Simpang Ampat
पूर्व स्वीकृत मितिः २०७९/०९/१८ चलानी नं.: ६०१९४५६१ L.T. No.: 278858

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १ गते (15 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Supa Deurali Human Resource Pvt. Ltd.
SDHR
Gov. Lic No. 1473/074/075
Samakhusi -26, Maipi, Kathmandu, Nepal
Tel: +977- 1- 4387429, Mob.: 9851175030, 9867005767, 9857840330
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com

## मलेशियामा रोजगार |

कम्पनी : WWTC CONSTRUCTION SDN BHD
शहर : SUNGAI PETANI
पूर्व स्वीकृत मितिः २०७८/१२/०१ चलानी नं.: ६०१७५९८५ LT. No.: 258816 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Helper Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३५,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : CANPLUS INDUSTRIES SDN.BHD. शहर : Malaysia, Pulau Pinang
पूर्व स्वीकृत मितिः २०७८/१२/०२ चलानी नं.: ६०१७६०६६ LT. No.: 258817 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1200 | ३५,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष ३० गते (14 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Chandra Kamana Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

# तीनै तहका सरकारसँग मिलेर होटल क्षेत्रको विकासका निम्ति काम गर्छौं : अध्यक्ष चुके

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

होटल व्यवसायी महासंघ नेपालका नवनिर्वाचित अध्यक्ष दिनेश कुमार चुकेले तीनै तहका सरकारसँग मिलेर होटेल क्षेत्रको विकासका निम्ति काम गर्ने बताएका छन् । मध्यान्हसँग कुरा गर्दै अध्यक्ष चुकेले तीनै तहका सरकारले पर्यटन क्षेत्रको विकासका निम्ति ठूलो मात्रामा खर्च गरेको तर व्यवसायीहरुसँग सहकार्य नभएको बताएका छन् ।

'अहिले संघीय, प्रदेश र स्थानीय सरकारहरुले पर्यटन क्षेत्रको लागि भनेर ठूलो मात्रामा बजेट छुट्याएका छन्, जसलाई राजनीतिक व्यक्तिहरु र कर्मचारीहरुले आफ्नै हिसाबले खर्च गरिरहेका छन्, वास्तविक स्टेक होल्डरहरुसम्म पुगिरहेको छैन्', उनले भने । अध्यक्ष चुकेले सरकारहरुले कोर व्यवसायी क्षेत्रको विकासका निम्ति बिनियोजित रकमलाई खर्च गर्नुपर्ने बताए ।

सरकारहरुसँग सहकार्य गरेर काम गर्नुपर्ने क्षेत्र औंल्याउँदै अध्यक्ष चुके भन्छन्, 'होटल क्षेत्रका कर्मचारीहरुलाई तालिम दिएर गुणस्तरीयता बढाउने विभिन्न उपायहरु हुनसक्छन्, त्यस्तै होटलमा ठूलो मात्रामा लगानी गरेका सञ्चालकरुमा होटल प्रवर्द्धन सम्बन्धी ज्ञानको कमी भएको अवस्था छ, उनीहरुलाई कसरी दिशावोध गराएर विकास गर्न सहयोग गर्न सकिन्छ र होटेल क्षेत्रको महासंघको तर्फबाट विभिन्न प्याकेज बनाएर प्रवर्द्धन गर्ने जस्ता विषयहरुमा काम गर्न सकिन्छ ।'

अहिले नवनिर्वाचित भएर आएको एशोसिएसनको पदाधिकारी सबै क्षेत्रको भएको र क्षमतावान भएकाले सो टिमले होटेल क्षेत्रको प्रवर्द्धनात्मक प्याकेज निर्माण गर्नसक्ने उनले बताए । उनले आगामी दिनमा महासंघको कामको समिक्षा ३/३ महिनामा गर्दै जाने पनि बताए ।

विगतमा कोरोना महामारीको कारण व्यवसायीहरुको क्षमता अभिवृद्धिसँग लक्षित कार्यक्रममा अवरोध भएको बताउँदै उनले महामारी पछाडि पर्यटन बोर्ड, प्रदेश सरकार र स्थानीय सरकारहरुसँग सहकार्य गरेर नियमित रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको बताए । महासंघसँग सहकार्य नगरी तालिम सञ्चालन गरेको ठाउँको उदाहरण दिँदै अध्यक्ष चुकेले त्यसरी कार्यक्रम गर्दा आवश्यक संख्या नै नपुग्ने गरेकाले महासंघसँग समन्वय गरेर काम गर्दा आफूहरुले प्रतिवद्धता गरेर जनशक्ति उत्पादन गर्नेकुरामा जोड दिने बताए ।



अध्यक्ष चुकेले पर्यटन ऐन साना तथा मझौला होटल व्यवसायीको पक्षमा नभएकाले त्यसलाई संशोधन गर्न आवश्यक रहेको समेत बताए । 'पर्यटन ऐन् इआइए लगायतका विषयमा ३/४ लाख खर्च गर्न भाडामा सञ्चालन गरेको होटेलले सक्ने अवस्था छैन, त्यसैले ऐन नै संशोधन गर्न पर्छ भन्ने कुरामा हाम्रो महासंघ लाग्छ', उनले भने ।

विगतको कार्यकालमा सबै तहका सरकारहरुसँग होटल महासंघ के हो भन्ने विषय स्थापित गरेको र आगामी दिनमा आफ्ना एजेन्डाहरु कार्यान्वयनको दिशामा अगाडि बढ्ने बताए । उनले महासंघ अहिले ६० वटा जिल्ला र ७ वटै प्रदेशमा विस्तार भएकोले संगठन बलियो समेत भएको बताए ।

## लोकदर्शन सहकारीको १३औं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं/मस** – वैदेशिक रोजगार व्यवसायीहरूद्वारा प्रवर्द्धित लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.ले तेह्रौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । शनिबार राजधानीको नयाँ बानेश्वरमा आयोजित साधारण सभाको काठमाडौं महानगरपालिका सहकारी विभागकी अधिकृत लिलादेवी अर्याल, संस्थाका अध्यक्ष प्रेमबहादुर कटुवाल तथा सल्लाहकार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष दिलप्रसाद पोखरेलले पानसमा बत्ती बालेर संयुक्तरूपमा उद्घाटन गरेका थिए ।



साधारण सभाले अध्यक्ष कटुवालले पेश गरेको प्रतिवेदन, सचिव देवराज कटुवालले पेश गरेको आर्थिक प्रतिवेदन र कोषाध्यक्ष राम प्रसाद भन्तानाले पेश गरेको लेखापरीक्षण प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ ।

अध्यक्ष कटुवालले अध्यक्षको प्रतिवेदनमार्फत पेश गर्दै सहकारीको सम्पत्ति र दायित्व १४ करोड ६५ लाख ६० हजार ७ सय २९ रुपैयाँ र शेयर पुँजी २ करोड ७८ लाख १२ हजार ९ सय रुपैयाँ र संस्थाको कोषमा १ करोड २७ लाख ५५ हजार ४ सय ८५ रुपैयाँ रहेको जानकारी दिएका थिए । मुलुकमा कायम आर्थिक तरलता, कोरोना, डेंगु महामारी तथा विविध कारणले सहकारीको खुद नाफामा कमी भएको भएपनि सञ्चालन मुनाफा सन्तोषजनक रहनु सुखद पक्ष रहेको उनले बताए ।

सचिव देवराज कटुवालले १ करोड ७७ रुपैयाँ आम्दानी र १ करोड ४६ लाख ५० हजार रुपैयाँ खर्च गरी सहकारी ३० लाख ५० हजार मुनाफामा रहेको जानकारी दिए । सहकारीको खराब कर्जा ५ देखि १० प्रतिशत रहेको र त्यसलाई संचित कोषले कभर गर्ने भएकाले खराब कर्जाको जोखिम नरहेको उनले प्रष्ट पारे ।

काठमाडौं महानगरपालिका सहकारी विभागकी अधिकृत अर्यालले विज्ञ वैदेशिक रोजगार व्यवसायीहरूद्वारा प्रवर्द्धित लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि. नेपालमा नमूना सहकारी होस् भन्ने शुभकामना व्यक्त गरिन् । उनले २०७४ मा मुलुक संघीय शासन प्रणालीमा प्रवेश गरेपछि महानगरपालिकाले सहकारीहरूको अनुगमन तथा नियमन शुरू गरेको भन्दै हाल महानगरपालिले १ हजार ८ सय ५० सहकारी नियमन अनुगमन गरिरहेको जानकारी दिइन् ।

सहकारीले भावनाअनुसार शेयर सदस्य र बचतकर्ताको आर्थिक उन्नयन र विकास गर्नुपर्नेमा सहकारी शिक्षाको अभाव भएकाले वाणिज्य बैंकहरूले भन्दा ब्याज कमी भएको गुनासो आउने भएपनि सहकारीको मर्मको काम गर्नुपर्ने उनको भनाइ थियो ।

शेयरधनी तथा मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले हाल राजधानीमा सञ्चालनमा रहेका धेरैजसो सहकारी संस्थाहरूले शेयरधनी तथा बचतकर्ताहरूलाई दुःख दिएको अवस्थामा शेयरधनीहरुलाई खुशी बनाउने गरी मुनाफा वितरण गरेकोमा सञ्चालकहरूप्रति धन्यवाद व्यक्त गरेका थिए । सहकारी भनेको सहकार्य भएकाले आगामी दिनमा सहकार्य हुने विश्वास व्यक्त गर्दै श्रेष्ठले लगानीका नयाँ क्षेत्र खोजी गर्नुपर्ने र खराब कर्जा असुलीमा ध्यान दिनुपर्ने सुझाव दिए ।

## लाइफ इन्स्योरेन्स कर्पोरेशनलाई हकप्रद निष्काशन गर्न प्राधिकरणको स्वीकृति

**काठमाडौं/मस** – नेपाल बीमा प्राधिकरणले लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडलाई हकप्रद निष्काशनको लागि सैद्धान्तिक स्वीकृति दिएको छ । प्राधिकरणले पुस २१ गतेको पत्र मार्फत हकप्रद शेयर जारी गर्नको लागि सैद्धान्तिक स्वीकृति प्रदान गरेको कम्पनीले जनाएको छ । कम्पनीले हकप्रद निष्काशन प्रस्ताव पारित गर्नको लागि विशेष साधारणसभा आह्वान गरिसकेको छ । कम्पनीले माघ ३ गते मंगलबार नक्सालको लिसरा रिसेप्सनमा विशेष साधारणसभा आह्वान गरेको हो ।

कम्पनीको सभामा हकप्रद निष्काशन गर्ने प्रस्ताव पेश गर्ने, हकप्रद पश्चात कम्पनीको पुँजी वृद्धि हुने भएकोले सोहि अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र नियामक निकायबाट थप निर्देशन भई आएमा सोहि अनुसार गर्ने अख्तियारी संचालक समितिलाई दिने विशेष प्रस्ताव पेश हुने छ । कम्पनीले हाल कायम चुक्तापुँजीको ८८.४५१६८ प्रतिशत हकप्रद निष्काशन गर्ने प्रस्ताव गरेको हो । बीमा समितिबाट जीवन बीमा कम्पनीहरुले आफ्नो चुक्ता पूँजी पाँच अर्ब कायम गर्नु पर्ने निर्देशन भएपछि हकप्रद निष्काशन गर्ने निर्णय गरिएको कम्पनीले जनाएको छ । कम्पनीले १९औं वार्षिक साधारण सभाबाट कायम भएको चुक्ता पूँजी दुई अर्ब पैसठ्ठी करोड बत्तिस लाखको ८८.४५१६८ प्रतिशत अर्थात १ : ०.८८४५१६८ को अनुपातले हुने दुई अर्ब चौंतिस करोड अठ्सठ्ठी लाख बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरेको हो । कम्पनीको हकप्रदलाई बीमा प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति आउँन बाँकी छ ।

कम्पनीले विशेष साधारणसभा प्रयोजनको लागि पुस २५ गते बुक क्लोज गर्ने निर्णय गरेको छ । पुस २४ गतेसम्म कायम शेयरधनीले मात्र कम्पनीको विशेष साधारणसभामा भाग लिन सक्नेछन् । कम्पनीमा ५५ प्रतिशत लगानी रहेको भारतीय कम्पनी 'भारतीय जीवन बीमा निगम'ले यस अघि नै हकप्रदको लागि रकम लगानी गर्ने निर्णय गरिसकेको थियो ।


## इटहरी उप–महानगरपालिका कार्यालय
## नगर कार्यपालिकाको कार्यालय

**इटहरी, सुनसरी**
**प्रदेश नं.१, नेपाल**

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



## हार्दिक निमन्त्रणा

**आदरणीय वैदेशिक रोजगार व्यवसायीज्युहरु,**

नेकपा (माओवादी केन्द्र)का महासचिव क. देव गुरुङ्गज्यूको प्रमुख आतिथ्यतामा नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले हाल सिर्जित भएका, समसामयिक विषय र यस व्यवसायप्रति भैइरहेको चौतर्फी (नैतिक, सामाजिक र भौतिक) आक्रमणका बारेमा वृहत् छलफलसहित तत्काल नेपाल सरकारको ध्यानाकर्षण गराउन साथै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामामी माघ ६ गते हुने चुनावी कार्यक्रमका लागि समेत मध्यनजर गर्दै व्यवसायी भेलाको आयोजना गरेकाले उक्त भेलामा आदरणीय सम्पूर्ण व्यवसायी महानुभावहरुलाई देहायको मिति, स्थान र समयमा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

धन्यवाद !

मिति : **२०७९/०९/२५ सोमबार**
समय : **२:०० बजे**
स्थान : **आनन्द पशुपति होटल ( तिलगंगा आँखा अस्पताल सँगै)**

**धनलाल जैसी**
**अध्यक्ष**

NRFEEF
**नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**
**काठमाडौं**



## विज्ञापन दर/रेट
## परिवर्तन सम्बन्धी सूचना

कागज, छपाई र ढुवानी लगायतमा भएको मूल्य वृद्धिको कारणले **मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०७९/०८०** मा प्रकाशन हुने विज्ञापनको दर/रेट **२०७९ माघ १** गते तदनुसार **१५, जनवरी २०२३** देखि लागु हुनेगरी निम्नानुसार समायोजन गरिएको सम्पूर्ण विज्ञापनदाता, एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

**प्राइभेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. १७००/- | रू. १७००/- |
| भित्री पृष्ठ | रू. १५००/- | रू. १३००/- |
| अन्तिम पृष्ठ | रू. १६००/- | रू. १४००/- |

**सरकारी**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २०००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १६००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. २०००/- | रू. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

**ज्याकेट २ पेज रू. १०,००,०००/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**